# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक १७९ | काठमाडौं | सोमबार, १४ कात्तिक २०७९ | Prabhab National Daily | Monday, October 31, 2022 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-




**छठी मातालाई प्रसाद अर्पण**
छठ पर्वको मुख्य दिन आइतबार विराटनगर-६ सरौचियास्थित सुनसरी मोरङ सिँचाइ आयोजनाको नहरमा अस्ताउँदो सूर्य एवं छठी मातालाई प्रसाद अर्पण गर्दै एक ब्रतालु ।
*तस्बिर: मनोज दाहाल/रासस*

काठमाडौं-२ को चुनावी प्रतिस्पर्धा

# पूर्वसभामुख घर्तीलाई फुयाँलको चुनौती

लुम्बिनी प्रदेशको रोल्पाबाट ओनसरी घर्ती चुनाव लड्न पहिलोपटक यस क्षेत्रमा आएकी हुन् । उनी दुईपटक समानुपातिक र एक पटक रोल्पा-२ बाट चुनाव जितेर सांसद बनेकी उनी एक पटक मन्त्री र एक पटक सभामुख भइसकेकी छन् । उनको मुख्य प्रतिस्पर्धीका रूपमा एमाले नेता मणिराम फुयाँल रहेका छन् ।



**स्थानीय तह निर्वाचनमा वडाध्यक्षहरूले पाएको मत**

नेपाली कांग्रेस : १४,१२८
एकीकृत समाजवादी : ६,७९०
माओवादी केन्द्र : ३,१३१
नेकपा एमाले : १७,३३२
राप्रपा : ७,२००

सत्ता गठबन्धन र एमालेबीचको मतान्तर : ६,७१७

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** राष्ट्रपति विद्यादेवी भण्डारीदेखि पहिलो कम्युनिस्ट प्रधानमन्त्री मनमोहन अधिकारी हुँदै पूर्वप्रधानमन्त्री माधवकुमार नेपालसम्मका नेता चुनिएको काठमाडौं-२ मा यसपटक पूर्वसभामुख ओनसरी घर्ती मगर चुनाव लड्दै छिन् । नेकपा (माओवादी केन्द्र)की नेतृ घर्ती वाम-लोकतान्त्रिक गठबन्धनबाट प्रतिनिधिसभा सदस्यका साझा उम्मेदवार बनेकी हुन् । यतिबेला उनको सक्रियता चुनावी अभियानमा छ। मतदाताहरूसँग विकास र समृद्धिको आश्वासन दिँदै मत माग्दै छिन् ।

लुम्बिनी प्रदेशको रोल्पाबाट उनी चुनाव लड्न पहिलोपटक यस क्षेत्रमा आएकी हुन् । उनी दुईपटक समानुपातिक र एक पटक रोल्पा-२ बाट चुनाव जितेर सांसद बनेकी उनी एक पटक मन्त्री र एक पटक सभामुख भइसकेकी छन् । हाल उनी उम्मेदवार बनेको काठमाडौं-२ लाई कम्युनिस्टहरूको 'लालकिल्ला'समेत भनेर चिनिन्छ । हुन पनि पटक-पटक कम्युनिस्ट नेताहरूले यस क्षेत्रमा चुनाव जितेका छन् ।

प्रजातन्त्रको पुनर्वहालीपछि २०४८ सालमा भएको चुनावमा पूर्वसभामुख दमन्नाथ ढुंगानाले चुनाव जितेयता २०५१ सालमा मनमोहन अधिकारी, २०५६ सालमा हालका राष्ट्रपति विद्यादेवी भण्डारी, २०६४ मा भएको पहिलो संविधानसभा चुनावमा माओवादी नेता झक्कुप्रसाद सुवेदी तथा २०७० र २०७४ मा तत्कालीन एमाले नेता तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले चुनाव जिते । यसपटक पनि कम्युनिस्ट नेताले नै चुनाव जित्ने करिब पक्का छ। किनभने, बढी जनमत देखिएको सत्ता गठबन्धनको तर्फबाट माओवादी नेतृ घर्ती र एमाले नेता मणिराम फुयाँल मैदानमा छन् । उनीहरूलाई नै काठमाडौं-२ का मुख्य प्रतिस्पर्धी ठानिएको छ ।

यस क्षेत्रमा काठमाडौं महानगरपालिकाको ९ र ३२ नम्बर वडा, कागेश्वरी मनोहरा नगरपालिकाको ४, ५, ६, ७, ८ र ९ नम्बर वडासँगै शंखरापुर नगरपालिका पर्दछन् । कूल मतदाता ८१ हजार ९७० रहेको यस क्षेत्रमा घर्ती र फुयाँलबाहेक २८ जना चुनावी मैदानमा छन् । त्यसमध्ये १० जना स्वतन्त्र छन् ।

चर्चा भएअनुसार उम्मेदवारहरू घर्ती र फुयाँललाई चुनौती दिनसक्ने उम्मेदवारको रूपमा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) की उम्मेदवार कुन्तीदेवी पोखरेल र राष्ट्रिय स्वतन्त्र पार्टीकी उम्मेदवार सोविता गौतमलाई पनि हेरिएको छ । यद्यपि, चुनाव कसले जित्लान् कसैले भन्न सकिने अवस्था छैन ।

तर, यस क्षेत्रबाट चुनिनसक्ने उम्मेदवारहरूको सम्भावनाबारे अनेक अड्कलबाजी हुन थालेका छन् । अड्कलबाजीहरू पछिल्लोपटक ३० वैशाखमा दलीय जनमत परीक्षण भएको स्थानीय तहको चुनाव र उम्मेदवारको लोकप्रियतालगायतमा आधारित छन् । स्थानीय तह निर्वाचनको परिणामलाई आधार (**बाँकी पृष्ठ ३ मा**)

दार्चुला बालक मृत्यु घटना

# भारतलाई पठाइयो 'कूटनीतिक नोट'

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** भारत उत्तराखण्डको धारचुला क्षेत्रमा सडक निर्माणका क्रममा टाउकोमा ढुंगा लागेर दार्चुलाका १० वर्षीय पवन महराको मृत्यु भएको घटनाका सम्बन्धमा नेपालले भारतलाई कूटनीतिक नोट पठाएको छ । परराष्ट्र मन्त्रालयले आइतबार यहाँस्थित भारतीय राजदूतावासमार्फत कूटनीतिक नोट पठाएको मन्त्रालयकी प्रवक्ता सेवा लम्सालले बताएकी छन् ।

गृह मन्त्रालयले शनिबार उक्त घटनाका पीडितलाई उचित राहत र क्षतिपूर्ति उपलब्ध गराउन तथा सुरक्षा सतर्कताका लागि आवश्यक समन्वय तथा पहल गरिदिन परराष्ट्र मन्त्रालयलाई पत्रमार्फत आग्रह गरेको थियो ।

यही कात्तिक ११ गते भारत उत्तराखण्डको धारचुला क्षेत्रमा सडक स्तरोन्नति गर्न ब्लास्टिङ गर्ने क्रममा दार्चुलाको व्यास गाउँपालिका-२ थिई भन्ने स्थानको गोरेटो बाटो छेउ खर्क नजिकको स्थानमा सोही वडाको दुम्लिङ गाउँमा बस्ने हिक्मत महराका छोरा करिब १० वर्षका पवनको टाउकोमा ढुंगा लागेर घाइते भई मृत्यु भएको गृह मन्त्रालयले जनाएको छ ।

**पीडितलाई १६ लाख क्षतिपूर्ति**

यसैबीच सडक निर्माणका क्रममा नेपाली बालकको मृत्यु भएको घटनामा भारतीय निर्माण कम्पनीले पीडित परिवारलाई १६ (**बाँकी पृष्ठ ३ मा**)

**सन्दर्भ : वैदेशिक रोजगार**

# वैदेशिक रोजगारीमा अदक्ष कामदारको चाप

■ **प्रभाव संवाददाता**

**काठमाडौं-** नेपालबाट वैदेशिक रोजगारीमा जानेमा अदक्ष कामदारको चाप अझै हट्न सकेको छैन। वैदेशिक रोजगार विभागको तथ्यांकमा रोजगारीका लागि विदेश जाने अदक्ष कामदारको संख्या उच्च देखिन्छ । विगतदेखि नै रहँदै आएको यो अवस्था अझै कायम रहेको तथ्यांकमा देखिन्छ।

विशेषगरी मलेसियालगायत खाडी मुलुकमा अदक्ष कामदारको रूपमा नेपालीहरूले रोजगारीको अवसर पाइरहेका छन् । यिनै मुलुकमा सबैभन्दा बढी अदक्ष कामदारको माग रहेको विभागले जनाएको छ। विभागको तथ्यांकअनुसार गत आर्थिक वर्षमा नयाँ र पुनः श्रम स्वीकृति लिएर एक लाख ३० हजारभन्दा बढी नेपाली रोजगारीका लागि साउदी अरेबिया पुगेका छन् । साउदीपछि कतारमा ७५ हजार, युएईमा ४५ हजार, कुवेतमा २२ र मलेसियामा १९ हजारभन्दा बढी नेपाली रोजगारीका लागि गएका छन् । अधिकांश नेपालीहरू म्यानपावरमार्फत रोजगारीका लागि विदेश गएको देखिन्छ । जसमा व्यवसायीले ९८ प्रतिशतभन्दा बढी अदक्ष कामदारको माग ल्याउने गरेको विभागले औंल्याएको छ ।

पछिल्लो समय अदक्ष कामदार जाने मुलुकहरूमा रोमानिया, साइप्रस, पोल्याण्ड, माल्टा, क्रोएसियालगायतका देश पनि थपिएका छन् । म्यानपावर कम्पनीहरूले अदक्ष कामदारको माग ल्याउने र सोहीअनुसार नेपाली युवाहरूलाई वैदेशिक रोजगारीका लागि पठाउने गरेको पाइएको छ । आर्थिक वर्ष २०७९/८० सुरु भएसँगै मलेसियामा उच्च दरमा नेपालीहरू रोजगारीका लागि गएका छन्। कोरोना महामारीका कारण दुई वर्षभन्दा बढी समय आप्रवासी कामदार भित्र्याउन बन्देज लगाएको मलेसियामा अहिले नेपाली कामदारको माग र चाप दुवै बढेको छ । साउन र भदौ महिनामा ६० हजारभन्दा बढीले श्रम स्वीकृति लिएर मलेसिया गएका छन् । यसरी जाने कामदारहरू अधिकांश सबैजना अदक्ष रहेको र व्यवसायीहरूले मागपत्र पनि यस्तै ल्याएको विभागले जनाएको छ। असोज महिनाको विवरण भने सार्वजनिक




गरिएको छैन। पारिश्रमिक र अन्य सेवासुविधा दिँदा खासै ठूलो आर्थिक भार नपर्ने हुँदा गन्तव्य मुलुकहरूमा अदक्ष कामदारहरूको माग उच्च रहेको छ। जसका कारण सीप नै नभए पनि वैदेशिक रोजगारीबाट फर्केर नेपालीहरू पुनः मलेसियालगायत खाडी मुलुक जाने गरेका छन् ।

चालु आवको साउन र भदौ महिनामा मात्रै मलेसियामा चार हजार ५००, साउदीमा सात हजार ५००, कतारमा १४ हजार ३५०, युएईमा आठ हजार ५००, कुवेतमा दुई हजारभन्दा बढीले पुनः श्रम स्वीकृति लिएको विभागको तथ्यांकले देखाएको छ। यसरी पुनः श्रम स्वीकृति लिनेमा अधिकांश अदक्ष कामदार नै रहेको विभागले उल्लेख गरेको छ । धेरै नेपालीहरू मजदुरका रूपमा विदेशिएका छन्। उनीहरूलाई उद्योग/कारखानाका कामदार, सरसफाइ गर्ने कामदार, घरेलु कामदार, निर्माण क्षेत्रका कामदार र सुरक्षागार्डका रूपमा काम लागाइने गरिन्छ।

श्रम गन्तव्य मुलुकको मागअनुसार नै नेपाली कामदारहरूको आपूर्ति हुने गरेको म्यानपावर व्यवसायीहरूको भनाइ छ। सीपयुक्त दक्ष कामदारको माग भए पनि नेपालबाट त्यस्ता कामदारको आपूर्ति गर्न सक्ने अवस्था छैन,' नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष कुमुद खनालले भने, 'दक्ष कामदारको अभावका कारण हामीले अदक्ष (मजदुरहरू) लाई रोजगारीका लागि पठाउनुपर्ने बाध्यता छ।' दक्ष जनशक्ति उपलब्ध गराउन नसक्दा अवसर पाए पनि व्यवसायीहरू खुम्चिनुपर्ने उनको भनाइ छ।

गन्तव्य मुलुकको मागअनुसार नै नेपालीहरू वैदेशिक रोजगारीका लागि जाने गरेको विभागका निर्देशक डम्बरबहादुर सुनुवारले बताए । 'अधिकांश नेपालीहरू अदक्ष कामदारको रूपमा विदेश गइरहेका छन्,' निर्देशक सुनुवारले भने, 'उनीहरूले पाउने तलब र अन्य सेवासुविधा पनि ज्यादै न्यून छ। बेरोजगारी समस्याका कारण पनि सीप नै नभएका नेपालीहरू विदेशिनुपर्ने अवस्था छ।' सरकारले पछिल्लो समय तलब एवं सेवासुविधाका आधारमा आकर्षक श्रमबजारको खोजी गरिरहेको र केही विकसित मुलुकसँग दक्ष जनशक्ति पठाउने सम्बन्धमा श्रम सम्झौतासमेत भइसकेको सुनुवारले जानकारी दिए।




# राष्ट्रपति र प्रधानमन्त्रीले गरे छठ पूजा




राष्ट्रपति विद्यादेवी भण्डारी आइतबार गौरीघाटमा छठ पर्वको कार्यक्रमस्थलमा । *तस्बिरः रासस*

■ प्रभाव संवाददाता

**काठमाडौं–** छठ पर्वको अवसरमा राष्ट्रपति विद्यादेवी भण्डारी र प्रधानमन्त्री शेरबहादुर देउवाले पनि अर्घ्यदान गरेका छन् । आइतबार राष्ट्रपति भण्डारीले गुहचेश्वरी र कमलपोखरी तथा प्रधानमन्त्रीले थापाथलीमा अर्घ्यदान गरेका हुन् ।

राष्ट्रपति भण्डारीले पशुपति क्षेत्रस्थित गुहचेश्वरी मन्दिरअघि बागमती किनारमा निर्माण गरिएको छठ पूजास्थल गई सूर्यसहित छठी माताको पूजा आराधना एवं अर्घ्यदान गरेकी थिइन् । मुलुकका विभिन्न भागमा भव्यरूपमा मनाइने छठ पर्वका अवसरमा राष्ट्रपतिले प्रत्येक वर्ष गुह्येश्वरी र कमलपोखरीमा सूर्यदेवसहित छठी माताको पूजा आराधना गरी अस्ताउँदो सूर्यलाई अर्घ्य दिने परम्परा छ ।

छठ पर्वका अवसरमा आइतबार अस्ताउँदो सूर्यलाई पूजा आराधना गरी अर्घ्य दिन राजधानीका अन्य स्थानका साथै यहाँको छठ घाट पनि सजाइएको थियो ।

**कमलपोखरीमा पनि पूजा**

राष्ट्रपति भण्डारीले कमलपोखरीमा निर्माण गरिएको छठ पूजास्थलमा पनि छठी माताको पूजा आराधना गरेकी छन् । काठमाडौं महानगरपालिकाको संयोजनमा तयार गरिएको उक्त पूजास्थलमा पुगी उनले अस्ताउँदो सूर्यलाई अर्घ्यदान गरेकी हुन् । अस्ताउँदो सूर्यको पूजा आराधना गर्न कमलपोखरीलाई झकिझकाउ पारिएको थियो । कमलपोखरीमा श्रद्धालु, बर्तालु र भक्तजनको बाक्लो उपस्थिति थियो । पूजास्थलमा आयोजित संक्षिप्त कार्यक्रममा राष्ट्रपति भण्डारीले ज्येष्ठ नागरिक, समाजसेवी, शिक्षासेवी, उद्योगी व्यवसायीलाई सम्मान गरेका थिए । पूजास्थलमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीवनराम श्रेष्ठ, पूर्वमन्त्री गगनकुमार थापा, काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र साह, उपप्रमुख सुनिता डंगोललगायतको उपस्थिति थियो ।

यसैगरी, प्रधानमन्त्री शेरबहादुर देउवाले आइतबार साँझ थापाथलीस्थित बागमती किनारमा निर्माण गरिएको छठ पूजास्थलमा पुगी छठी माताको पूजा अर्चना गरे । उनले सो स्थानमा राखिएको छठी माताको प्रतिमामा माल्यार्पण गर्नुका साथै नदी किनारमा अस्ताउँदो सूर्यलाई अर्घ्य दिएका थिए ।

प्रत्येक वर्ष कार्तिक शुक्ल चतुर्थादेखि सप्तमीसम्म मनाइने छठ पर्वका अवसरमा गुहचेश्वरी-गौरीघाटलगायत राजधानीका अन्य स्थानमा पनि सजाउने गरिन्छ । यहाँको साजसज्जा हेर्न पनि भक्तजनको भीड लागेको छ । भजन एवं भक्ति संगीतले पशुपति क्षेत्रको बागमती नदी किनारको वातावरण मेलामय बनेको थियो ।

यस वर्ष राजधानीमा गुहचेश्वरीबाट गौरीघाटसम्मको बागमती नदी किनारको दायाँबायाँ, कमलपोखरी, थापाथली, कुपण्डोल, विभिन्न स्थानका नक्खु खोला, विष्णुमती र बागमती नदी किनारमा छठ घाट निर्माण गरी सजाइएको थियो । यी स्थानमा छठ घाटसँगै छठी माताको माटाको मूर्ति पनि निर्माण गरिएको थियो । जहाँ आइतबार अस्ताउँदो सूर्यसँगै छठी माताको पनि पूजा आराधना गरियो ।

गुहचेश्वरीमा यस वर्ष विगतमा भन्दा बढी छठ घाटको निर्माण गरिएको छ । विगतमा करिब ५०० छठ घाट निर्माण गरिएकामा यस वर्ष ६०० भन्दा बढी बनाइएको थियो । एउटा छठ घाट एक हजार ५०० रूपैयाँ शुल्क लिएर भक्तजनलाई दिइएको छठ पूजा समितिका अध्यक्ष अनिल सिंहले जानकारी दिए ।

आइतबार बेलुकी अस्ताउँदो सूर्यलाई पूजा आराधनासहित अर्घ्य दिएका बर्तालु सोमबार बिहान सूर्य नउदाएसम्म छठ पूजास्थलमै जाग्राम बस्छन् । बिहान उदाउँदो सूर्यलाई पूजा आराधनासहित अर्घ्य दिएपछि चार दिन लामो छठ पर्व सकिन्छ ।

छठ व्रत गरेमा मनले चिताएको पूरा हुने कुरा सूर्यपुराणलगायत ग्रन्थमा उल्लेख गरिएको छ । महाभारतकालमा द्रौपदीसहित पञ्चपाण्डवले सूर्यको पूजा आराधना गरी एक वर्ष अज्ञातवास सफल भएको उल्लेख गरिएको छ । यसै विश्वासका आधारमा यो पर्व मनाउने परम्परा सुरु भएको हो ।

छठपूजामा सहभागी भन्छन्–

# ‘सबै भगवान् एउटै हुन्’

■ सिबी अधिकारी



काठमाडौंको गौरीघाटमा निर्माण गरिएको घाटमा छठी माताको पूजा आराधनाका गर्दै व्रतालु । *तस्बिरः चन्द्रकला क्षेत्री/रासस*

**काठमाडौं–** कञ्चनपुर महेन्द्रनगरकी विमला चन्द छठ पर्व मनाउन थापाथलीस्थित बागमती नदी किनारमा निर्माण गरिएको छठपूजा स्थलमा भेटिइन् । आफ्ना बच्चासहित साँझ छठपूजा स्थलमा भेटिएकी चन्द हरेक वर्षझैं यो वर्ष पनि छठ पूजा गर्न र आपसमा खुसी साट्न आएको बताइन् ।

चन्दले भनिन्, ‘चाडपर्व र धर्म संस्कृति कुनै वर्ग र समुदायको मात्रै हैन भन्ने लाग्छ, सबै पर्व र धर्मको सम्मान गर्नुपर्छ । सबै भगवान् एउटै हुन्, खाली नाममात्रै फरक हुन्छ ।’

काठमाडौंको बबरमहलमा ११ वर्षदेखि बस्दै आएकी चन्द हरेक वर्ष छठ पर्व मनाउन थापाथली पुग्ने गरेकी छन् । चन्दजस्तै काठमाडौं शान्तिनगरकी विमला सुवेदी पनि विगत चार वर्षदेखि छठ पर्व मनाउँदै आएकी छन् ।

‘छठ पर्वमात्रै हैन जुनसुकै पर्व पनि सबै मिलेर गर्नुपर्छ, यो तराईको या पहाडको भन्ने हुँदैन । सामाजिक सद्भाव र राष्ट्रिय एकता कायम गर्न यस्ता पर्वले भूमिका खेल्छन्,’ छठपूजा गर्दै गरेकी सुवेदीले भनिन् । सुवेदीले छठ पर्व मनाउन पाउँदा असाध्यै रमाइलो लाग्ने गरेको अनुभव सुनाइन् ।

सुवेदीसँगै आएकी मन कार्कीले पनि छठी माताको पूजा आराधना गर्न पाउँदा खुसी लाग्ने गरेको अनुभव सुनाइन् । चन्द, सुवेदी र कार्कीजस्तै अन्य विभिन्न समुदायका मानिसहरू उल्लासका साथ जम्मा भएर छठको पूजा अर्चना गरेर पर्व मनाउने गरेका छन् ।

पहिला-पहिला तराई र मधेसको मात्र पर्वको रूपमा चिनिने छठ पर्व पछिल्ला वर्षमा आमनेपालीको साझा पर्वका रूपमा मनाउन थालिएको छ । विभिन्न समुदायका मानिस जम्मा भएर छठी माताको पूजा आराधना गरी छठ पर्वलाई धुमधामका साथ मनाउन थालिएको छ ।

छठ पूजा समिति कुपण्डोल (ललितपुर)का अध्यक्ष राजीव सिन्हाले सामाजिक सद्भाव अभिवृद्धि र राष्ट्रिय एकता कायम गर्न छठ पर्वले महत्त्वपूर्ण भूमिका खेलेको बताए । उनले राष्ट्रको समृद्धि, समुन्नतिका लागि पनि छठ पर्व मनाइने गरिएको उल्लेख गरे । अध्यक्ष सिन्हाले भने, ‘हामी बच्चा हुँदा छठ पर्व मधेसको पर्व मात्रै हो भन्ने थियो । समयक्रमसँगै यो मधेसमा मात्रै सीमित नरहेर मधेस, पहाड र हिमालका मानिस समुदाय मिलेर पर्व मनाउने गरेका थियौं । अहिले विस्तारै यो राष्ट्रिय पर्व भएको छ । त्यतिमात्रै हैन गौरवको पर्व पनि भएको छ ।’

अध्यक्ष सिन्हाका अनुसार छठ पूजाका लागि अस्ताउँदो सूर्य विशेष मानिन्छ । बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिएर छठ पर्व समापन हुन्छ । बर्तालुले आइतबार अस्ताउँदो सूर्यलाई अर्घ्य दिएर रातभर जाग्राम बस्ने र सोमबार बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिएर समापन हुने उनले जानकारी दिए । समग्रमा छठ पर्वले सुख, शान्ति र समृद्धि ल्याउनुका साथै राष्ट्रिय एकतालाई प्रवर्द्धन गर्नसमेत टेवा पुग्ने अध्यक्ष सिन्हाको भनाइ छ ।

ललितपुरको कुपण्डोल बस्ने काभ्रेकी ६७ वर्षीया बिना शाहीलाई पनि छठ पर्व मनाउँदा खुसी लाग्छ । उनी हरेक वर्ष छठ पर्व मनाउन थापाथली पुग्ने गरेकी छन् । काठमाडौंको नयाँ बानेश्वर बस्ने जनकपुरका रामजी गुप्ता काठमाडौंमा छठ मनाउन सुरु भएदेखि नै हरेक वर्ष छठको पूजा अर्चना गर्न उपत्यकाका विभिन्न नदी तलैयामा निर्माण गरिएका छठपूजा स्थलमा पुग्ने गरेका छन् । थापाथलीस्थित बागमती किनारमा प्रायः हरेक वर्ष पुग्ने उनले देश, जनता र परिवारको सुख, शान्ति र समृद्धिको कामना गर्दै विधिपूर्वक छठ पर्व मनाइने गरेको बताए ।

जनकपुरका प्रदीप महतो परिवारका साथ छठ पर्व मनाउन थापाथली पुगेका थिए । छठी माताको पूजा आराधना गरेर पारिवारिक सुख, शान्ति र समृद्धिका लागि खुसी साटासाट गरेर छठ मनाउने उनले बताए । भारतको मोतिहारीकी ६५ वर्षीया सुमिला तिवारी विगत तीन वर्षदेखि थापाथलीमा छठ पर्व मनाउन जाने गरेकी छन् । कुपण्डोलमा व्यापार गर्ने तिवारी बुहारी रजनी तिवारीका साथ छठ पूजा गर्न आएकी छन् । उनले छठ पर्व मनाउन पाउँदा खुसी लागेको बताइन् ।

जनकपुरकी २१ वर्षीया आकृति गुप्ता बच्चा हुदाँदेखि नै थापाथलीमा छठ पर्व मनाउन पुग्ने गरेकी रहिछन् । काठमाडौंको भोटेबाहल बस्ने गुप्ताले साथीभाइका साथ छठ पूजा गर्न थापाथली आएको बताइन् । कक्षा १२ मा अध्ययनरत उनले भनिन्, ‘यो घरको सबैभन्दा ठूली आमाले सन्तानको भलो र उन्नतिको कामना गर्दै पूजा आराधना गरेर मनाइने पर्व हो । अन्य देशमा ‘सनसेट’लाई बेग्लै अर्थले परिभाषित गर्छन् तर नेपालमा छठ मात्रै यस्तो पर्व हो, जसले ‘सनसेट’ र ‘सनराइज’को पूजा गरिन्छ, दुवैलाई महत्त्व दिनुपर्छ भन्ने सन्देश दिएको छ ।’

राजधानीको गुहचेश्वरी, कमलपोखरी, थापाथलीलगायत नदी किनार र तलाउमा बर्तालुले छठको पूजा गरेका छन् । ती क्षेत्रमा छठपूजाका लागि भक्तजनको भीड लागेको छ । कात्तिक शुक्ल चतुर्थीदेखि सप्तमीसम्म सूर्य एवं छठी माताको पूजा आराधनासहित अस्ताउँदो र उदाउँदो सूर्यलाई अर्घ्यदान गरेमा मनले चिताएको पूरा हुने सूर्यपुराणलगायत ग्रन्थमा उल्लेख गरिएको छ । महाभारतकालमा द्रौपदीसहित पञ्चपाण्डवले सूर्यको पूजा आराधना गरी एक वर्ष अज्ञातवास सफल भएको उल्लेख छ । *रासस*

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरू**
**इन्टरनेसनल एस्ट्रोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

कात्तिक १४ गते सोमबार

| | |
|---|---|
| **मेष** | आमाबुवालाई लाभको योग छ । |
| **वृष** | धनलाभ हुनेछ । |
| **मिथुन** | सबै काममा सावधानी आवश्यक छ । |
| **कर्कट** | काममा बाधा आउनेछ । |
| **सिंह** | कामको अवसर बढ्नेछ । |
| **कन्या** | अनावश्यक काम नगर्नुहोला । |
| **तुला** | स्वास्थ्यमा विशेष ध्यान दिनुपर्नेछ । |
| **वृश्चिक** | जनसम्पर्क बढ्नेछ । |
| **धनु** | सबै कार्यमा धैर्य राख्नुहोला । |
| **मकर** | कुनै पनि कार्यमा हतार गर्नु हुँदैन । |
| **कुम्भ** | अनावश्यक कार्यमा समय खर्च नगर्नुहोला । |
| **मीन** | जग्गासम्बन्धी कार्यमा सफलता मिल्नेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०/४२५५५४१ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेशनल | ६६१२२६६ |
| किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिङ्ग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

कात्तिक १४ गते, २०७९, ३१ अक्टोबर २०२२

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १२१।७६ | १२२।३६ |
| युरो | १ को | १३३।२२ | १३३।८८ |
| पाउन्ड स्टर्लिङ | १ को | १५२।०० | १५२।७५ |
| स्विस फ्रैन्क | १ को | १२६।०९ | १२६।७१ |
| अस्ट्रेलियन डलर | १ को | ७७।२५ | ७७।६३ |
| क्यानाडियन डलर | १ को | ८७।२६ | ८७।६९ |
| सिंगापुर डलर | १ को | ८६।१८ | ८६।६० |
| जापानी येन | १० को | ११।२३ | ११।२९ |
| चिनियाँ युआन | १ को | १७।३१ | १७।३९ |
| साउदी अरब रियाल | १ को | ३२।३८ | ३२।५४ |
| कतारी रियाल | १ को | ३३।४४ | ३३।६१ |
| थाई भाट | १ को | ३।७३ | ३।७५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३३।१५ | ३३।३१ |
| मलेसियन रिंगेट | १ को | २८।२५ | २८।३९ |
| दक्षिण कोरियन वन | १०० को | १०।०६ | १०।११ |
| स्विडिस क्रोनर | १ को | १२।२६ | १२।३२ |
| डेनिस क्रोनर | १ को | १७।८५ | १७।९३ |
| हङकङ डलर | १ को | १५।७१ | १५।७८ |
| कुवेती दिनार | १ को | ३९१।५२ | ३९३।४५ |
| बहराइन दिनार | १ को | ३२१।०२ | ३२२।६० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**अस्ताउँदो सूर्यको आराधना** | छठ पर्वको मुख्य दिन आइतबार विराटनगर–१ को सिंघिया नदीमा पानीमा डुबेर अस्ताउँदो सूर्यको पूजा आराधना गरी दूध र पानीको अर्घ्य दिँदै व्रतालुहरू । *तस्बिरः अनुज सापकोटा/रासस*

# ‘संविधानको रक्षा गर्न सत्ता गठबन्धनको जित आवश्यक’

■ प्रभाव संवाददाता



**महेन्द्रनगर (धनुषा)–** नेपाली कांग्रेसकी केन्द्रीय सदस्य डा आरजु राणा देउवाले नेपाली कांग्रेस जस्तो पुरानो प्रजातान्त्रिक शक्तिको नेतृत्वलाई नै नेपाली जनताले रुचाएकाले पनि आगामी निर्वाचनमा सत्तारुढ गठबन्धनको जित सुनिश्चित रहेको दाबी गरेकी छन् ।

आइतबार छठ पर्वका अवसरमा जनकपुरधामस्थित गङ्गासागरमा छठ पर्वको ब्रत एवं पूजाको अवलोकन गर्ने कार्यक्रममा आएकी नेत्री राणाले यस्तो दाबी गरेकी हुन् । उनले वर्तमान सरकारले छोटै समयमा धेरै राम्रा काम गरेकोले पनि आसन्न प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा सत्तारुढ गठबन्धनको जित सुनिश्चित रहेको दाबी गरिन् । उनले मुलुकमा लोकतन्त्रपछि प्राप्त उपलब्धिको रक्षा गर्न, संविधानको रक्षा गर्न तथा नागरिक स्वतन्त्रताको संरक्षणका लागि वर्तमान सत्ता साझेदार गठबन्धनका उम्मेदवारहरूले विजय हासिल गर्नुपर्ने धारणा राख्दै नेपाली कांग्रेसले अहिलेको गठबन्धनको टिमलाई नै लिएर निर्वाचनपछि पनि अघि बढ्ने प्रण गरिसकेको जानकारी गराइन् । कांग्रेसको यो टिमको भावनालाई बुझेर सबैले गठबन्धनका उम्मेदवारलाई जिताउनुपर्ने उनको भनाइ थियो ।

डा देउवाले गठबन्धनबाट अधिकांश बागी उम्मेदवारले उम्मेदवारी फिर्ता लिइसकेका र आ-आफ्ना कार्यकर्ताले गठबन्धनका उम्मेदवारलाई मतदान गर्न गठबन्धनमा आबद्ध पार्टीका नेता, स्थानीय तहका कार्यकर्ता तथा आम मतदाताहरू देशव्यापीरूपमा आतुर रहेकाले जित सुनिश्चित रहेको बताइन् । यो सरकार निर्माण भएपछि धेरै पहिलेदेखि रोकिएर रहेका ठूला परियोजनादेखि लिएर विकास निर्माणका काम अघि बढेको, वैदेशिक सम्बन्ध र सहायता मजबुद हुँदै गएको उनको भनाइ छ । उनले वर्तमान देउवा सरकार निर्माण हुँदा देश कोरोना महामारीमा र खोपको अभाव भएको बताइन् ।

# ५१ जिल्लामा निर्वाचन सामग्री ढुवानी जारी



■ प्रभाव संवाददाता

**काठमाडौं–** निर्वाचन आयोगले २०७९ मंसिर ४ गते हुने प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनका लागि मतपत्र तथा निर्वाचन सामाग्रीको ढुवानी कार्यलाई तीव्रता दिएको छ । हालसम्म समानुपातिकतर्फको प्रतिनिधिसभा तथा प्रदेशसभाका मतपत्र ८ वटा जिल्ला बाहेक सम्पूर्ण जिल्लामा ढुवानी भइसकेको छ भने केही दुर्गम जिल्लामा बाटोघाटो अवरोध भएका कारण मतपत्र ढुवानीको काम बाँकी रहेको आयोगले जनाएको छ । प्रत्यक्षतर्फका मतपत्र अबका केही दिनमा दुर्गम जिल्लाबाट ढुवानीको क्रम सुरु गरिनेछ ।

त्यसैगरी आयोगले विभिन्न ५७ प्रकारका निर्वाचन सामाग्रीहरू मतपेटिका, छेकाबारा, स्वस्तिक छापलगायतको ढुवानी कार्यसुरु गरेको छ । निर्वाचन आयोगले गण्डकी, कर्णाली तथा सुदूरपश्चिम प्रदेशका आठ वटा दुर्गम पहाडी जिल्लाहरूमा निर्वाचन सामग्री ढुवानी सम्पन्न गरेको छ ।

मंसिर ४ गते हुने प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनका लागि ५७ प्रकारका सामग्रीहरू आयोगबाट दिनहुँ विभिन्न जिल्लामा ढुवानी भइरहेको छ । यसक्रममा गण्डकी प्रदेशको मनाङ र मुस्ताङ, कर्णाली प्रदेशको हुम्ला, जुम्ला, मुगु, कालिकोट, डोल्पा र सुदूरपश्चिमको बाजुराको निर्वाचन सामग्री ढुवानी सम्पन्न भएको छ ।

यीबाहेक ५१ जिल्लामा विभिन्न निर्वाचन सामग्रीहरू पठाई सकिएको छ । यद्यपी ती जिल्लाहरूमा सबै सामग्री ढुवानी हुन बाँकी छ । आयोगले निर्वाचनका लागि मतपेटिका, मतपत्र, छेकाबारा, कोरा कपडा, स्वस्तिक छापलगायत सामग्रीहरू ढुवानी गर्नुपर्ने हुन्छ ।

अब दुर्गम जिल्लाहरूमा निर्वाचन सामग्रीको ढुवानी गरिने र त्यहाँबाट जिल्ला निर्वाचन कार्यालयमार्फत ती सामग्रीलाई सम्बन्धित निर्वाचन अधिकृतलाई बुझाउने र निर्वाचन अधिकृतले मतदान अधिकृतलाई बुझाउनेछन् । आयोगले पूर्व निर्धारित कार्यतालिका अनुसार नै निर्वाचन सामग्रीको ढुवानी कार्य भइरहेको जनाएको छ ।

# सवारी दुर्घटनामा ६ को मृत्यु

**काठमाडौं (प्रस)–** नवलपरासी(पूर्व), बुलिङटार गाउँपालिका-२ मथारस्थित सडकमा ना.६ ख ७५८० नम्बरको बस आफै अनियन्त्रित भई सडकदेखि अन्दाजी १ सय मिटर तल खसेर आइतबार दुर्घटना हुँदा बसमा सवार पाल्पा रम्भा गाउँपालिका-१ बस्ने ४१ वर्षीय तारा बिक सहित ५ जनाको घटनास्थलमै मृत्यु भएको छ । साथै दुर्घटनामा घाइते भएका बसका चालकसहित ३० जनालाई उपचारको लागि चितवनतर्फ पठाइएको छ ।

धनुषा, विदेह नगरपालिका-५ स्थित सडकमा प्र.२-०२-००५ प ५३८१ नम्बरको मोटरसाइकल र स.१० प ७९७५ नम्बरको मोटरसाइकल एकआपसमा ठोक्किएर शनिबार दुर्घटना हुँदा प्र.२-०२-००५ प ५३८१ नम्बरको मोटरसाइकल चालक सोही नगरपालिका-७ जोगियारा बस्ने १८ वर्षीय रितेश कुमार यादवको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको जानकी हेल्थ केयर जनकपुरमा उपचारको क्रममा मृत्यु भएको हो । स.१० प ७९७५ नम्बरको मोटरसाइकल चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

## पूर्वसभामुख...

पृष्ठ १ बाट जारी

मान्ने हो भने वाम-लोकतान्त्रिक गठबन्धनकी उम्मेदवार घर्तीले चुनाव जित्नसक्ने एकथरिको विश्लेषण छ ।

हुन पनि घर्ती साझा उम्मेदवार बनेको वाम-लोकतान्त्रिक गठबन्धन दलहरूको मत २४ हजार ४९ छ । यो वडाध्यक्षँहरूले पाएको मत हो । नेकपा एमालेको १७ हजार ३३२ मात्र छ । यस हिसाबले गठबन्धन एमालेभन्दा छ हजार ७१७ मतले अगाडि देखिन्छ ।

उता, एमालेसँगको गठबन्धनमा रहेको दल जनता समाजवादी पार्टी (जसपा) नेपालले पाएको मत १०० पनि छैन । राप्रपा पनि एक्लै चुनाव लड्दै छ । शंखरापुर नगरपालिका जितेको राप्रपाको मत सात हजार २०० रहेको छ ।

यस आधारले घर्तीले चुनाव जित्नसक्ने आकलन गरिएको छ । तर, घर्तीको जित/हार गठबन्धनको ठूलो दल कांग्रेसको मतले निर्धारण गर्ने विश्लेषकहरूको भनाइ छ । किनभने, स्थानीय तहको चुनावमा गठबन्धनका दलहरू माओवादीसहित एकीकृत समाजवादी र गठबन्धनमा यसअघि रहेको दल जसपाले कांग्रेसबाट इमान्दारीपूर्वक मत नआएको निष्कर्ष निकालेका थिए । आगामी ४ मंसिरमा हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा पनि त्यस्तै भए घर्ती हारको भागिदार बन्नसक्ने विश्लेषकहरूको टिप्पणी छ ।

त्यसो त घर्ती काठमाडौं-२ का स्थानीय नेता होइनन् । ठूला दल कांग्रेसका नेता कार्यकर्ताहरूमा पनि असन्तुष्टि छ । असन्तुष्टिलाई सम्बोधन गर्न नसके घर्तीविरुद्ध एमालेका फुयाँल चुनौती बन्नसक्ने ठानिएको छ । तर, घर्तीले चुनौती मोल्दै काठमाडौं-२ मा आएको र वाम-लोकतान्त्रिक गठबन्धनको उम्मेदवार बनेका कारण चुनाव जित्ने दाबी पेस गर्दै आएकी छन् ।

उसो त एमाले उम्मेदवार फुयाँलको पनि चुनाव जित्ने दाबी छ । स्थानीय नेता आफू भएको र स्थानीय चुनावमा भन्दा मत खस्ने प्रवृत्ति भिन्न हुने उनको तर्क छ । चुनाव जित्ने दाबी गर्नेमै पर्छिन् - राप्रपा उम्मेदवार पोखरेल पनि । उनले मतदाताले युवा र नयाँ उम्मेदवार आफूलाई चुनाव जिताएर विकास र समृद्धिको बागडोर सम्हाल्ने अवसर दिने भन्दै आएकी छन् ।

केही विश्लेषकहरू भने पटक-पटक कम्युनिस्ट उम्मेदवारलाई जिताएको र यसपटक उनीहरूको विकल्प मतदाताले खोजेको अवस्थामा पोखरेलको जित हुनसक्ने ठान्छन् । यस क्षेत्रमा जसपाबाट गोपालबहादुर तन्दुकार, नेपाल मजदुर किसान पार्टीबाट अनिल श्रेष्ठ, लोकतान्त्रिक समाजवादी पार्टीबाट मधुप्रसाद पुडासैनी, मौलिक जरोकिलो पार्टीबाट लक्ष्मण पोखरेल, हाम्रो नेपाली पार्टीका कोषराज सुवेदी, पुनर्जागरण पार्टीका विजेन्द्र बस्नेत, नेपालका लागि नेपाली पार्टीका राममणि नेपाल, राप्रपा नेपालका महेस बास्तोला, मंगोल नेसनल अर्गनाइजेसनकी सीता तामाङ र गान्धीवादी पार्टी नेपालका विदुरप्रसाद सिम्खडा प्रतिस्पर्धी छन् ।

राष्ट्रिय जनमुक्ति पार्टीका चिरञ्जीवी राई, नेपाली कांग्रेस (बिपी)का हेमविक्रम सिलवाल, नेपालवादका ईश्वर गौतम, विवेकशील साझा पार्टीका धनेज थापा, सचेत नेपाली पार्टीका पुण्यप्रसाद प्रसाईंसँगै स्वतन्त्र उम्मेदवारहरू काशीराज पुडासैनी, अनुप बोहरा, प्रकाश अधिकारी, विनोदप्रसाद घिमिरे, प्रकाश अधिकारी, भगवती ढकाल, दिनेश खड्का, बलराम चौलागाई, कृष्ण अधिकारी र कृष्णराम पुरी पनि चुनावी प्रतिस्पर्धामा छन् ।

## भारतलाई पठाइयो...

पृष्ठ १ बाट जारी

लाख रूपैयाँ क्षतिपूर्ति दिएको छ । शनिबार राति भारतीय निर्माण कम्पनी, भारतीय प्रशासन, पीडित परिवारका सदस्य र स्थानीय नेपाली जनप्रतिनिधिबीच सो रकम उपलब्ध गराउने सहमति भएको थियो ।

भारतीय सडक निर्माण कम्पनी ‘गर्ग एण्ड गर्ग’का प्रतिनिधिले पीडित परिवारलाई नगद रकम हस्तान्तरण गरेको प्रमुख जिल्ला अधिकारी दीर्घराज उपाध्यायले जानकारी दिए । ‘सडक निर्माण कम्पनीले नगद रकम हस्तान्तरण गरेको छ,’ उनले भने, ‘नगद रकम मृतक बालकका बुबा र आमाको नाममा संयुक्त खाता खोलेर जम्मा गरिने छ ।’ छठ पर्वका कारण आइतबार बैंक बन्द भएकाले सोमबार संयुक्त खाता खोलेर रकम जम्मा गरिने प्रजिअ उपाध्यायले बताए ।

मृतक बालकका बुबा हिक्मतका अनुसार शनिबार राति भारतको धारचुलास्थित सहायक प्रमुख जिल्ला अधिकारीको उपस्थितिमा निर्माण कम्पनीले नगद रकम हस्तान्तरण गरेको हो । भारतीय पक्षसित क्षतिपूर्तिका लागि शनिबार दिनभर छलफल भएको थियो । घटनापछि भारतीय निर्माण कम्पनीले गल्ती स्वीकार गर्दै पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउने सहमति गरेको हो ।

महाकाली किनारमा भारतले आफ्नो क्षेत्रमा सडक विस्तार गर्ने क्रममा नेपाली पक्षलाई जानकारी नदिइकन विष्फोटक पदार्थ प्रयोग गरेको थियो । भारतीय पक्षले विनाजानकारी सडक निर्माण गर्ने क्रममा विष्फोटक पदार्थ प्रयोग गर्दा ढुंगाले लागेर बालक महराको मृत्यु भएको थियो । अन्तर राष्ट्रिय सीमा क्षेत्रमा विनासूचना पटक-पटक विष्फोटक पदार्थ प्रयोग गर्ने गरेकामा नेपाली पक्षले आपत्ति जनाएको थियो ।


**Sainamaina Municipality**
**Office of Municipal Executive**
**Buddhanagar, Rupandehi**

**Invitation for Bids**

**Date of publication: 2079-07-14**

1. ***Sainamaina Municipality*** invites electronic bids from eligible bidders for the *Landscaping, Concrete Paving and Road Works at Municipal Building Area* under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information at the office of ***Sainamaina Municipality, Buddhanagar, Rupandehi. Mailing address: sainamainamunicipality@gmail.com, telephone number: 071-440553*** or may visit PPMO website **www.bolpatra.gov.np/egp**.
3. Bidders must submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document of a non-refundable fee of Rs.3000, in account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank: Agricultural Development Bank Ltd, Parroha Sakha**
   **Name of Office: Sainamaina Municipality Office**
   **Office Account no.: Internal Revenue Account**
   **A/C No. 0414201659915011**
4. Pre-bid meeting shall be held at ***Sainamaina Municipality Office*** at ***1:00 pm on 2079-08-04.***
5. Electronic bids must be submitted to the office ***Sainamaina Municipality*** through PPMO website www.bolpatra.gov.np/egp on or before ***12:00 noon*** on ***2079-08-14***. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***1:00 pm on 2079-08-14*** at the office of Sainamaina Municipality. Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format amounting to a minimum of ***as mentioned below shall be deposited in the bank A/C no. 0414201149244015 of Agricultural Development Bank Ltd, Parroha Sakha*** which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Office of Sainamaina Municipality, Buddhanagar, Rupandehi reserves the right to accept or reject any bid, and to annul the process and reject all bids at any time prior to award contract.

| Contract No. | Brief Description of Works | Estimated Cost (Without VAT and Cont) | Bid Security (Rs.) | Cost of Bid Document(Rs) |
|---|---|---|---|---|
| NCB/06/079-80 | Landscaping, Concrete Paving and Road Works at Municipal Building Area | Rs. 1,14,13,480.53 | 3,50,000 | 3000 |

**Chief Administrative Officer**



नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग
**शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज कार्यालय**
पानीमुहान, काठमाडौं

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

सूचना प्रकाशन मिति : २०७९/७/१४

यस कार्यालयको आ.व. २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत विद्युतीय बोलपत्र आह्वानबाट मिति २०७९/०५/३१ गते प्रथम पटक प्रकाशन भएको सूचना अनुसार समय सीमाभित्र दर्ता हुन आएका बोलपत्रहरुमध्ये तपसिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्विकृतीको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ प्रयोजनका लागि सम्बन्धित सबैलाई जानकारीको लागि ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि.नं. | ठेक्का नं | कामको विवरण | छनौट भएको बोलपत्रदाताको नाम | कबोल गरेको रकम (मु.अ.कर समेत) |
|---|---|---|---|---|
| १. | NCB/SNNP/ ०२/०७९/०८० | पोष्ट भवन निर्माण, नयाँपाटी, काठमाडौं | पब्लिक कन्स्ट्रक्सन, काठमाडौं महानगरपालिका–६, काठमाडौं | ३८,९४,१५०/०३ |
| २. | NCB/SNNP/ ०३/०७९/०८० | अधुरो पर्यटक सूचना केन्द्र निर्माण, पानीमुहान, काठमाडौं | कालिका निर्माण सेवा, शिवपुरी गाउँपालिका–७, नुवाकोट | ३१,८३,१६३/२२ |

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## घोषणामा सीमित घोषणापत्र

आसन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको मिति नजिकिँदै गर्दा राजनीतिक दल तथा स्वतन्त्ररूपमा उम्मेदवारी दिएका उम्मेदवारहरूले प्रचारप्रसारलाई तीव्र बनाइरहेका छन् । यही क्रममा दलहरूले आफ्नो चुनावी घोषणापत्र सार्वजनिक गर्ने क्रम पनि जारी छ । निर्वाचनमा मतदाता आकर्षित गर्न महत्त्वाकांक्षी योजनाहरू समेटेर घोषणापत्र ल्याउने चलन नौलो होइन । कसैले प्रतिबद्धतापत्रको नाममा त कसैले संकल्पपत्रको नाममा घोषणापत्र ल्याउने गरेका छन् । दलहरूले हरेक निर्वाचनमा आकर्षक नारा र कार्यक्रम राखेर घोषणापत्र ल्याउने गरे पनि कार्यान्वयन कहिल्यै गर्दैनन् । त्यसैले यस्ता घोषणापत्रलाई सर्वसाधारणले 'कर्मकाण्डी'को संज्ञा दिने गरिएको छ ।

प्रमुख दलहरूमध्ये सत्तारुढ नेपाली कांग्रेसले शनिबार संकल्पपत्रको नाममा चुनावी घोषणापत्र सार्वजनिक गरेको छ । प्रतिपक्षी दल नेकपा एमाले र अर्को सत्तारुढ दल नेकपा माओवादी केन्द्रले आज (सोमबार) घोषणापत्र सार्वजनिक गर्दै छ । नेकपा एकीकृत समाजवादीले पनि घोषणापत्रलाई अन्तिम रूप दिइसकेको जनाएको छ । डा. बाबुराम भट्टराई नेतृत्वको नेपाल समाजवादी पार्टीले यसअघि नै आफ्नो घोषणापत्र सार्वजनिक गरिसकेको छ । अन्य दलले पनि घोषणापत्र सार्वजनिक गर्ने क्रम जारी छ ।

नेपाली कांग्रेसको संकल्पपत्र २०७४ को निर्वाचनको घोषणापत्रकै परिमार्जित संस्करणमा आएको छ । सोही घोषणापत्रमा भएका कुराहरूलाई परिमार्जन गरी नयाँ संकल्पपत्र बनाइएको छ । अधिकांश योजना तथा प्रतिबद्धताहरू समान रहेका छन् । आगामी चुनावका लागि ल्याइएको संकल्पपत्रमा 'कोखदेखि शोक'सम्मका योजना समेटिएका छन् । स्वास्थ्य र सामाजिक सुरक्षाका साथै पूर्वाधार र आर्थिक विकासका क्षेत्रमा महत्त्वाकांक्षी योजनाहरू अघि सारिएको छ । तीन वर्षमुनिका बालबालिका र ७३ वर्षमाथिका वृद्धवृद्धाको निःशुल्क उपचार, सबै नागरिकको स्वास्थ्य बिमा, ६५ वर्षमाथिका ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति र विपन्नलाई निःशुल्क स्वास्थ्य बिमा, सुत्केरीभत्ता पाँच हजार पुर्‍याइने, ज्येष्ठ नागरिकलाई घरमै स्वास्थ्य सेवा, सबै महिलालाई निःशुल्क स्यानिटरी प्याडको व्यवस्था गर्नेलगायत योजनाहरू कांग्रेसको संकल्पपत्रमा समेटिएका छन् ।

यस्तै, पाँच वर्षमा १२ लाख ५० हजार नयाँ रोजगारी सिर्जना, न्यूनतम सात प्रतिशतको आर्थिक वृद्धि, वार्षिक २० लाख विदेशी पर्यटक भित्र्याउने, राष्ट्रिय गौरवका सबै निर्माणाधीन आयोजनाहरू सम्पन्न गर्ने, आधा घण्टाभित्र पक्की सडक पुग्ने जनसंख्या ७५ प्रतिशत पुर्‍याउनेलगायत महत्त्वाकांक्षी योजनाहरू कांग्रेसले अघि सारेको छ । सामान्य मतदाताको हिसाबले हेर्दा यी योजनाहरू आकर्षक छन् । यसले मतदातालाई अवश्य लोभ्याउने छन् । तर, पाँच वर्षअघिको घोषणापत्र अहिले पल्टाएर हेर्ने हो भने त्यो पनि कम आकर्षक थिएन । प्रश्न, पाँच वर्षअघिको घोषणापत्रमा समेटिएका कति योजना/प्रतिबद्धता पूरा गर्‍यो भन्ने हो । यसको जवाफ पूर्णतया अपूर्ण नै छ । त्यसैले आगामी पाँच वर्षमा अहिले गरिएका प्रतिबद्धता पूरा हुनेमा विश्वस्त हुन सकिन्न ।

यो समस्या कांग्रेसमा मात्रै होइन । २०७४ को चुनावमा एमाले–माओवादी केन्द्र मिलेर बनेको वाम गठबन्धनले घोषणापत्रमा गरेका प्रतिबद्धता कार्यान्वयनको अवस्था पनि उस्तै छ । उक्त निर्वाचनपछि करिब तीन वर्ष एमाले अध्यक्ष (तत्कालीन नेकपा) केपी शर्मा ओलीले सरकारको नेतृत्व गरेका थिए । त्यतिबेला वाम गठबन्धनको संयुक्त घोषणापत्रमा रेलमार्गदेखि पानीजहाजसम्मका योजना समेटिएका थिए । तर, ती योजनाहरू कागजमै सीमित भएका छन् ।

त्यसैगरी, ओलीले विघटन गरेको संसद् पुनःस्थापना भएसँगै सर्वोच्च अदालतको परमादेशमार्फत कांग्रेस सभापति शेरबहादुर देउवा नेतृत्वमा करिब दुई वर्ष सरकार चल्यो । घोषणापत्रका योजना कार्यान्वयनमा सबै दलको अवस्था उस्तै छ । मतदातालाई ठूल–ठूला सपना बाँड्ने दलहरूले कार्यान्वयनमा आफूलाई जिम्मेवार बनाउन सकेका छैनन् । फेरि, यसपटक पनि सोही नियति नदोहोरिएला भनेर ढुक्क हुने अवस्था छैन । यसर्थ, मतदाताले दलहरूसँग प्रश्न उठाउने यहीबेला हो । त्यसैले मत माग्न आउने उम्मेदवार र दलसँग सबैले प्रश्न गरौं । घोषणापत्रमा समेटिएका योजना कार्यान्वयनको आधार मागौं ।

# सोलुसन समाजको परोपकारी अभियान



पदम श्रेष्ठ

एकपल्ट हामीले ठण्डा दिमागले सोचौं त, म को हुँ ? कहाँबाट आएको र कहाँ जान्छु ?

यसको जवाफ सबैले एउटै दिन्छन्- म फलानो हुँ । म शरीर हुँ, म ढिस्काना हुँ ।

यसरी हामी भौतिक शरीरलाई भनिरहेका हुन्छौं । त्यो भौतिक शरीर त मात्र पञ्चतत्त्वको स्तम्भ हो । जब हामी माटो, पानी, हावा, आकाश र आगो पञ्चतत्त्वलाई शरीरबाट छुटयाइदिन्छौं तब म भन्ने शरीर कहाँ जान्छ, के कसैले सोचेका छौं ? हामीले यो पञ्चतत्त्वको जुन शरीर धारण गरी म भनिरहेका छौं । त्यो शरीरलाई मन, बुद्धि चित्त र अहंकाररूपी पाँच तत्त्वले सञ्चालन गरिरहेको हुन्छ । इन्द्रीयलाई मनले, मनलाई बुद्धिले, बुद्धिलाई अहंकारले, अहंकारलाई आत्माले र आत्मालाई परमात्माले सञ्चालन गरिरहेका हुन्छन् । यस प्रकार म र मेरो भन्ने कुरो नै एउटा शून्य भावमा विलय हुने रहेछ । हामीले जितसक्दो सकारात्मक सोचौं, परोपकारी कर्म गरौं र यो शून्यवादमा तैरिएको जीवनलाई जित सकिन्छ समाज सेवामा लगाऔं भन्ने समाधानको माध्यमसहित अगाडि आएको सामाजिक संस्था हो समाधान (सोलुसन) समाज नेपाल ।

सोलुसन समाजका अध्यक्ष साधुराम महर्जन भन्छन्-

कसै-कसैले आत्मा र परमात्मा भन्ने कुरा नै वाहियात हो भन्छन् । तर, ईश्वर परमात्मा छ भन्ने कुरालाई आठ वटा तथ्य निशानीले प्रमाणित गर्न सक्दछ । ईश्वरलाई

१) कुनै पनि अस्त्र, शस्त्र र हतियारले टुक्रयाउन सक्दैन ।
२) आगोले जल्दैन ।
३) पानीले भिज्दैन ।
४) हावाले उडाउँदैन ।
५) आकारविहीन निराकार हुन्छ ।
६) रूपरंग हुँदैन ।
७) सर्वव्यापी हुन्छ ।
८) परमात्मा एक हुन्छ दुई हुँदैन ।

आत्मा र परमात्माको निशानी एउटै हुन्छ तर शरीर र मनको व्याख्या फरक हुन्छ । यी र यस्ता सम्पूर्ण दर्शनका प्रणेता हुन्- सद्गुरु ब्रह्मज्ञानी यात्ता ब्रह्मज्ञानीका अनुयायी शंकर सहनी नाम गरेका महापुरुष । उनी वि.सं. २०५२ सालतिर लगनखेलस्थित मेरो घरमा वहालमा बस्न आएछन् । उनै महापुरुषले मेरो पिताजी कृष्ण राम महर्जन (न्यौ) लाई ब्रह्मज्ञान दिएछन् । २०५३ सालमा सन्त निरङकारी नेपालका प्रमुख खड्गबहादुर शाहबाट ब्रह्मज्ञान लिएपछि पिताजीले आफ्नै घरको माथिल्लो तल्लामा सत्संग सुरु गर्न थाले ।

### ब्रह्मज्ञानीले गर्नुपर्ने पाँच प्रतिज्ञा

१) तन, मन, धनले परमात्माको सेवामा देवदूतमै लाग्ने ।
२) जाति, भाषा, धर्म, सम्प्रदाय र आश्रमको अभिमान नगर्ने ।
३) खानपान, पोसाकको घृणा नगर्ने ।
४) गृहत्याग गर्न मागेर नखाने । दुई हातखुट्टाले मर्यादापूर्वक काम गरी गृहस्थी चलाउने ।
५) सद्गुरुद्धारा प्रदान भएको ज्ञानलाई गुरुको आज्ञाविना सार्वजनिक नगर्ने । अर्थात् सोलुसन समाज भनेको यस्तो हो उस्तो हो भनेर प्रचार गर्दै नहिँड्ने ।

गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, सुरक्षा र पहिचानको ग्यारेण्टीका लागि एउटा राजनीतिक पार्टीमा दिलो ज्यान लगाएर हिँडिरहेको मलाई पिताजीले आफूले पाएको ज्ञान मसँग पनि व्याख्या गर्नुभयो । मलाई मान्छेले धर्म गरोस् वा राजनीति, समाज सेवा गरोस् वा आन्दोलन, जे-जसरी हुन्छ मानवीय जीवनलाई सुखमय तुल्याउनु त हो भन्ने लाग्यो । फेरि, आफ्नो र परत्रको सुख हुने मार्ग सोलुसन समाज जे कुराको पनि आफैंभित्रबाट समाधान खोज्ने अभियान असल लाग्यो र म पनि पिताजीको मार्गमा लागें । सोलुसन समाज नेपालले अरूलाई अर्ती उपदेश दिने र सरकारले गरिदिएन भनी आलोचना गर्ने होइन कि सरकारलाई कसरी सहयोग गर्ने भन्नेबारे सोच्दछ । यो संस्थाको मुख्य ध्येय मान्छेलाई संस्कार, कर्मकाण्ड, परम्पराले दिइरहेको दुःखबाट मुक्ति दिनु हो । त्यसैले सोलुसन समाजले,

१) जन्मदेखि मृत्युसम्मको १६ संस्कारमा निःशुल्क सेवा पुर्‍याउँछ । कुनै पनि जाति, भाषा, धर्म, संस्कारअनुरूप कर्मकाण्ड जन्म, व्रतबन्ध, इही वाह्रा, विवाह, मृत्युकर्मसम्म संस्कार चलाइदिन्छ तर भोज भतेर ब्राह्माणलाई अत्यधिक दान आदि गर्न नपर्ने निःशुल्क सेवा पुर्‍याउँछ ।
२) एक्लैले केही पनि काम गर्न नसक्ने हुँदा सोलुसन समाज नेपालले विभिन्न संघसंस्था, व्यक्ति वा निकायसँग मिलेर अपकार होइन उपकार गरौं भन्ने मूल लक्ष्यका साथ- रक्तदान, आँखा दान, छाला दान र जलनसम्बन्धी सेवा कार्य गर्नुका साथै सहयोग गरिरहेको छ ।

> सोलुसन समाज नेपालले अरूलाई अर्ती उपदेश दिने र सरकारले गरिदिएन भनी आलोचना गर्ने होइन कि सरकारलाई कसरी सहयोग गर्ने भन्नेबारे सोच्दछ । यो संस्थाको मुख्य ध्येय मान्छेलाई संस्कार, कर्मकाण्ड, परम्पराले दिइरहेको दुःखबाट मुक्ति दिनु हो ।

३) फोहोरभित्र होस् वा बाहिर दुवै हानिकारक हुन्छ भन्ने मूल लक्ष्यका साथ आफ्नो घर, समाज र वरिपरि सक्दो सफाइ अभियानमा लाग्ने गरेको छ ।

सोलुसन समाज नेपालको सदस्यताको लागि सर्व प्रथम त आफ्नो र अरुको पनि सामूहिक उदारतामा जीवनभर लाग्ने मानसिकता बनाउनुपर्छ । कुनै पनि धर्म, जाति, भाषा, समाज, परम्पराको विरोध वा समर्थन नगर्ने तर सेवाभावमा आफूलाई समर्पण गर्नुपर्छ ।

दुई हजार रूपैयाँ सदस्यता शुल्क र वर्षको ५०० रूपैयाँ नवीकरण शुल्क तिरेपछि ललितपुरको लगनखेल सिद्धिपुर, खोकना, थेच्व, सुनाकुथी, भक्तपुरको हरिसिद्धी, काठमाडौंको वलम्बु, नैकाप शाखाबाट सदस्यता लिन सकिन्छ । उपत्यकाबाहिर समाजको हेटौंडा, दाङ अत्तरिया, सर्लाहीको ईश्वरपुर, झापा, इलामसम्म शाखा विस्तार भएका छन् । देशबाहिर अस्ट्रेलिया र मलेसियामासमेत यो संस्था पुगेको छ ।




## मनन्योग्य

### चाणक्य नीति

रातो पहिरनमा सजिएका कम उमेरका युवतीने राजदरवारको व्यवस्था गरिरहेका चाणक्यले देखे पातलो बस्त्र पहिरन र तिनका चञ्चल यौवनले राजमहलमा बसेका व्यक्ति र आउने जानेलाई आकर्षित पारिरहेका थिए । केही समयपछि मुख्य प्रहरीले घोषणा गर्‍यो-मगधका शक्तिशाली महाविद्वान्, महामात्य राक्षस आउँदैछन् । राक्षसको प्रवेश, आयुको प्रभाव उसमा थिएन । अग्लो शरीर ठुलो उठेको निधार, लामो केश, तेजिला आँखा राजषि पहिरनले गर्वित हिँडाइ । सतर्क दृष्टिले उनले सबैतिर हेरे नन्दका आसनको छेउमा रहेको अगाडिको मुख्य आसनमा बसे ।

केही समयपछि फेरि घोषणा भयो-राज्यकिशोरमणि मगधाधिपति महाराज महापद्मानन्दको सवारी हुँदैछ । नन्दको प्रवेशमा सबै दरबारिया उभिए । सेतो कलाप, भद्दा शरीर, लोलाएका आँखा, गलामा मोती र मणिकका माला, शिरमा रत्नजडित मुकुट, खुट्टा लर्बराउँदै दरबारमा नन्दको प्रवेश भयो । उनका अगल-बगलमा नवयौनाहरू उत्तेजक पहिरनमा सजिएर हिँडिरहेथे । दरबारको बीचमा दिव्य सिंहासनमा नन्द बसे ।

सँगै आएका युवतीले मखमलको पंखा लिइ अलगबगलबाट हम्कन लागे । एउटी पातलो कपडा पहिरिएकी मोहिनी मूर्तिले सुनका भाँडामा मदिरा खन्याएर नन्दतिर बढाई समाउनसाथ सबैले ताली पिटे । त्यसपछि एउटी सुन्दरीको प्रवेश भयो-पूर्णिमाका चद्रमाजस्तै चम्किने, मुखमण्डल, मदिराले लट्ठ भएजस्ता दुई आाखा, कालो बादलजस्तो केशरासीद्वारा आफ्नो सौन्दर्य उनी स्वयम् प्रस्तुत गरिरहेकी छन् । उनका दुई पोटिला स्तन, पातलो कम्मर, पुष्ट नितम्ब सबैलाई आकर्षित पार्न पर्याप्त थिए । ***क्रमश***

पत्र–मञ्जुषा

## घरधनीलाई छुटैछुट, बहालमा बस्नेलाई ब्रह्मलुट !

अहिले काठमाडौंको अधिकांश घरमा 'टु-लेट' अर्थात् 'भाडा'मा भनेर टाँसिरहेको देखिन्छ । प्रायःजसो घरमा कोठा, सटर र फ्ल्याट खाली छ भनेर टाँसिरहेको पाइन्छ । घर खाली छन् भनेर टाँस्छन् तर धरधनीले मागेजित पैसा दिन्छु भनेर सहमति नजनाएसम्म भाडामा लगाउँदैनन् । बरु, कोठा खाली राख्छन् । कोठा खोज्नेले भाडा महँगो भो भन्न पनि पाउँदैनन् । भाडामा बस्ने सहमति जनाए पनि तीन महिनाको अग्रिम भाडा बुझाउनुपर्ने बाध्यता छ ।

घरधनीले आफूलाई जसरी मन लाग्यो, त्यसरी भाडामा लगाइराखेका छन् । सरकारले नक्सा पास गरिदिने बेलैमा घरको वर्गीकरण गरिदिँदा उचित हुने थियो । कुन घर भाडामा लगाउने ? कुन घर व्यापारका लागि प्रयोग गर्ने ? कुन घरमा कार्यालय सञ्चालन गर्ने ? र, कुन घरमा मान्छे बस्ने ? वर्गीकरण गरिएको छैन । जसले गर्दा सबैलाई सास्ती भएको छ । माथि कार्यालय सञ्चालन हुन्छ, तल कोठा बहालमा लगाइएको हुन्छ ।

यसले गर्दा माथि र तल बस्ने दुवैलाई सास्ती भइरहेको छ । कार्यालय भएपछि काम लिएर आउनेहरू यत्तिकै हुन्छन् । अनि तलकालाई डिस्टर्ब हुनु स्वाभाविकै हो । पछिल्लो समय कोठा भाडा अत्यधिक बढेको छ । तर, जागिर खानेको तलब बढेको छैन, व्यापारतिर पनि मन्दी नै छ । अधिकांशलाई कोठा भाडा तिर्न समस्या भएको छ । महँगी बढेपिच्छे घरधनीले कोठा भाडा बढाएका छन् ।

तर, काम गर्ने ठाउँमा तलब बढेको छैन । घरधनीले आफ्नो डेरामा बस्नेको अवस्था कहिले बुझ्ने प्रयास गर्दैनन् । उसले कसरी भाडा तिरेको छ ? उसको जागिर के हो ? भनेर हेर्दैनन् तर, भाडाचाहिँ हरेक तीन महिनामा बढाउँछन् । महिना मर्न पाएको हुँदैन, ढोकाढोका चहार्न आइहाल्छन् । एक दिन भाडा ढिलो भयो भने सातो खाइदिने घरधनीहरू पनि छन् ।

महिनाको सुरुआतमै भाडा तिर्‍यो भने घरधनी मख्ख । घरधनीले पैसा लिइरहेका छन् तर बिल दिँदैनन् । पैसा लिएपछि अनिवार्य बिल दिनुपर्ने प्रावधान छ । तर, यो पनि धरधनीहरूमाथि लागू भएको छैन । यता, मासिक भाडा त उठाइरहेका छन् तर बहालमा बस्नेले सेवासुविधा पाइरहेका छन् भनेर हेरेका छन् ? बहालमा बस्नेलाई केही सेवासुविधा नै छैन । भाडामा बस्नेलाई घरधनीले मान्छे नै सोच्दैनन् ।

कोठा दिएर मात्र पुग्छ ? भाडामा बस्नेलाई पानीको समस्या छ । बत्ती र फोहोरको पैसा पनि दोब्बर तिर्नुपर्ने बाध्यता छ । लुगा सुकाउने ठाउँको अभाव छ । कोठाभित्रै भाँडा माझ्नुपर्छ । घाम ताप्नसमेत छतमा जान पाइँदैन । परिवारका सदस्य धेरै छन् भने कोठा दिँदैनन् । उनीहरूले भनेजित पैसा तिर्छु भन्दा पनि कोठा दिन इन्कार गर्छन् । यता, एकल महिला, दलित, रोगी, बालबच्चा भएका, वृद्धवृद्धालाई पनि कोठा पाउन निकै सास्ती छ ।

एक्काइसौं शताब्दीमा आइपुग्दा पनि छोइछाइ अझै पनि हाम्रो समाजमा कायम रहेको पाइन्छ । यता, रोगी, बालबच्चा भएका र वृद्धवृद्धाले फोहोर गर्छन् भनेर कोठा दिन मान्दैनन् । घरधनीको किचकिच गर्ने व्यवहारका कारण कोठामा बस्नेहरू हरेक तीन महिनामा कोठा सरिरहन्छन् । दबाब सहन नसकेपछि झोलाझम्टा बोक्यो, बाटो लागिहाल्यो । पुराना जान्छन्, नयाँलाई फेरि महँगो पैसामा बहालमा लगाउँछन् ।

घरधनीहरूले न राज्यलाई घरबहाल कर तिर्छन् न बहालमा बस्नेलाई सस्तोमा कोठा दिन्छन् । राज्यलाई राजस्व छल्ने, बहालमा बस्नेलाई महँगो भाडा लिएर लुट्ने क्रम चलिरहेको छ । मुलुकभरका ९८ प्रतिशत घर बहालमा लगाइएको छ । तर, राज्य घरबहाल कर पाउनबाट वञ्चित छ । एउटा कोठाको पाँचदेखि १० हजार रूपैयाँसम्म भाडा तिर्नुपर्छ । २० हजारदेखि दुई लाख रूपैयाँसम्मका फ्ल्याट पाइन्छन् ।

सटर पनि १० हजारदेखि नौ लाख रूपैयाँसम्मको छ । एउटा घरधनीले महिनाले लाखदेखि करोडसम्म बहाल उठाउँछन् । तर, राज्यले एक पैसा पनि घरबहाल कर पाउँदैन । घरबेटीले लिएको पैसा महँगो हो कि सस्तो ? सरकार र बहालवाला दुवै अनविज्ञ छन् । घरधनीलाई मात्र थाहा होला । सरकारले घरभाडा निर्धारण गरेको छैन । घरधनीको सामु सरकार पनि लाचार छ ।

– ***विपेन्द्र रावल,*** *कीर्तिपुर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नुभएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail .com
facebook .com/prabhab online



**म्याग्दी प्रहरीलाई तालिम** आउँदो मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि सुर्खेतको लेकबेँसी नगरपालिकास्थित दशरथपुरमा भर्ना भएका म्यादी प्रहरीलाई तालिम दिइँदै । *तस्बिर: रासस*

# बैतडीका ३१ मतदानस्थल 'अति संवेदनशील'

**बैतडी–** मंसिर ४ मा हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि बैतडीका ३१ मतदानस्थल अतिसंवेदनशीलको सूचीमा राखिएको छ । यहाँ रहेका एक सय २९ मतदानस्थलमध्ये ३१ स्थललाई अतिसंवेदनशीलको सूचीमा राखिएको हो ।

सुरक्षा दृष्टिकोणले मतदानस्थललाई अतिसंवेदनशील, संवेदनशील र कम संवेदनशील गरी तीन भागमा वर्गीकरण गरेको जिल्ला प्रशासन कार्यालयका सूचना अधिकारी खगेन्द्र भारतीले जानकारी दिए ।

निर्वाचनलाई ध्यानमा राखेर मतदानस्थलको संवेदनशीलता वर्गीकरण गरिएको हो ।

जिल्लाका ३४ मतदानस्थल संवेदनशील र ६५ मतदानस्थल कम संवेदनशीलको सूचीमा राखिएको छ ।

विगतको निर्वाचनको समीक्षा, सञ्चार, यातायातको पहुँच र विभिन्न राजनीतिक दलको प्रभावजस्ता विषयलाई आधार मानेर निर्वाचनस्थल र केन्द्रका लागि सुरक्षा संवेदनशीलता तयार पारिएको हो ।

प्रमुख जिल्ला अधिकारी सुरेश पन्थीका अनुसार प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनलाई मध्यनजर गरेर स्थानीय प्रशासनले सुरक्षा योजना निर्माण गरिरहेको छ । मतदानस्थलको अवस्था हेरेर सुरक्षा योजना निर्माण भइरहेको हो । जिल्लाका १० स्थानीय तहमा रहेको मतदानस्थलको अनुगमन गरिएको छ ।

मतदान केन्द्र, मतदानस्थल, मतदाता, उम्मेदवार सबैको सुरक्षाको प्रत्याभूति हुने गरी सुरक्षा योजना तयार गरिएको जनाएको छ । सुरक्षा योजनालाई थप प्रभावकारी बनाउन स्थलगत अध्ययन र अनुगमनको कामसमेत भइरहेको छ । दश स्थानीय तह रहेको बैतडीमा दुई सय १० मतदान केन्द्र छन् ।

जिल्लामा एक लाख ५० हजार १५६ मतदाता रहेका जिल्ला निर्वाचन कार्यालयले जनाएको छ ।

निर्वाचनको मिति नजिकिएसँगै यहाँका राजनीतिक दलहरूले प्रचार-प्रसारमा पनि तीव्रता दिएका छन् । *रासस*

# राजिव गुरुङसहितका उम्मेदवारहरूसँग स्पष्टीकरण सोधियो

■ प्रभाव संवाददाता




**गण्डकी–** निर्वाचन आयोगले गण्डकी प्रदेशका युवा तथा खेलकुदमन्त्री एवं गण्डकी प्रदेश सभा सदस्यका लागि मनाङ 'ख' उम्मेदवार रहेका राजिव गुरुङलाई स्पष्टीकरण सोधेको छ ।

उम्मेदवार गुरुङले निर्वाचन खर्चका सम्बन्धमा 'जुन अहिले निर्वाचन आयोगले ३३ लाख, ३० लाख भन्दा बढी खर्च गर्नु हुँदैन भनेको छ' ३० लाखमा नेपालमा चुनाव जित्छ यार' 'मनाङमा एक दिन नोमिनेसन गर्न जाँदा १५ लाखको त रक्सी खाइदिन्छ' भनी दिएको अभिव्यक्ति र श्रव्यदृश्य सामग्री आयोगमा प्राप्त गरेको भन्दै स्पष्टीकरण सोधिएको हो ।

स्पष्टीकरणमा 'तपाईंले दिएको अभिव्यक्ति प्रचलित निर्वाचन सम्बन्धी कानून र निर्वाचन आचारसंहिताको प्रतिकूल हुने देखिएकोले आफैं वा आफ्नो प्रतिनिधिमार्फत निर्वाचन आयोगमा वा जिल्ला निर्वाचन कार्यालय मनाङमा प्राप्त हुने गरी स्पष्टीकरण पेश गर्न भनिएको छ । आयोगले गुरुङले उम्मेदवारी दिएको मनाङ प्रदेश सभा क्षेत्र नं. 'ख' को लागि तोकेको खर्चको सीमा २३ लाख रहेको छ ।

त्यस्तै निर्वाचन आयोगले धनुषा क्षेत्र नं. ३ बाट नेकपा एमालेका तर्फबाट प्रतिनिधि सभा सदस्य पदमा उम्मेदवार रहेकी जुली कुमारी महतो (महासेठ) लाई स्पष्टीकरण सोधेको छ । तस्बिरसहितको फ्लेक्स अटो रिक्साको पछाडि राखी सूर्य निर्वाचन चिन्हमा मत मागेको फोटो राखेपछि आयोगले स्पष्टीकरण सोधेको हो । प्रतिनिधि सभा सदस्यको उम्मेदवार भई निर्वाचन आचारसंहिताको विपरीत हुनेगरी निर्वाचन प्रचारप्रसार गर्ने कार्य गरेकोले २४ घण्टाभित्र आफैं वा आफ्नो प्रतिनिधिमार्फत निर्वाचन आयोगमा वा जिल्ला निर्वाचन कार्यालय धनुषामा प्राप्त हुने गरी स्पष्टीकरण पेश गर्न महतोलाई आयोगले निर्देशन दिएको छ । निर्वाचन आयोगले प्यूठान जिल्लाबाट प्रतिनिधि सभा सदस्य उम्मेदवार नेकपा (एमाले) का सूर्य बहादुर थापा क्षेत्रीलाई पनि स्पष्टीकरण सोधेको छ । निर्वाचन प्रचारप्रसारका लागि बालबालिकाको प्रयोग अभियोगमा आयोगले स्पष्टीकरण सोधेको हो । निर्वाचन आचारसंहिता, २०७९ को दफा १३, राजनीतिक दल, उम्मेदवार, दलको भातृ संगठन तथा सम्बन्धित व्यक्तिले पालना गर्नु पर्ने आचरण अन्तर्गत उपदफा (१) को खण्ड (ट) मा 'निर्वाचन प्रचारप्रसार, आमसभा तथा जुलुसमा बालबालिकाको प्रयोग गर्न वा गराउन नहुने' व्यवस्था रहेकोमा उम्मेदवार थापा क्षेत्रीले आफ्नो निर्वाचन प्रचारप्रसारको लागि बालबालिकाको प्रयोग गरेको कार्य निर्वाचन आचारसंहिताको उल्लेखित दफा १३ को उपदफा (१) को खण्ड (ट) को प्रतिकूल रहेको ठहर आयोगले गरेको छ ।

नेपाली कांग्रेसका महामन्त्री एवं प्रतिनिधि सभा सदस्यका काठमाडौं क्षेत्र नं.४ का उम्मेदवार गगन कुमार थापालाई निर्वाचन आयोगले पुनः स्पष्टीकरण सोधेको छ । आयोगद्वारा गत कात्तिक ८ गते डेंगीविरुद्ध अभियान किन चलाएको भनी सोधिएको स्पष्टीकरणमा अझै पनि त्यस्तो अभियान चलाउने भन्ने वक्तव्य दिए पछि आयोगले स्पष्टीकरण सोधेको हो ।

थापाले पुनः निर्वाचन आचारसंहिताको विपरीत हुनेगरी सार्वजनिक वक्तव्य दिई मतदातालाई प्रभावित गर्ने कार्य गरेको देखिएको भन्दै २४ घण्टाभित्र आफैं वा आफ्नो प्रतिनिधिमार्फत स्पष्टीकरण पेश गर्न भनिएको छ ।

## संक्षिप्त

### चुराको गोदाममा आगलागी

**बाँके (प्रस)–** नेपालगञ्जस्थित चुराको गोदाममा आगलागीमा परेर एकजनाको मृत्यु भएको छ । उक्त घटनामा एकजना घाइते भएका छन् ।

नेपालगञ्ज उपमहानगरपालिका-५ रामनगरस्थित रमेशकुमार नागको घरमा चुराको गोदाममा आइतबार एक्कासी आगलागी हुँदा बर्दियाको मधुवन नगरपालिका-८ का २३ वर्षीय समिर वलीको मृत्यु भएको हो । उक्त गोदाम आरिफ अन्सारीले भाडामा लिएका थिए । प्रहरी उपरीक्षक श्यामकृष्ण अधिकारीका अनुसार आगलागीबाट गम्भीर घाइते वलीको उपचारका क्रममा भेरी अस्पताल नेपालगञ्जमा मृत्यु भएको हो ।

मृतक वली शनिबार भेटघाटका लागि गोदाममा आएका थिए । घाइते भएका गोदाम सञ्चालक अन्सारीको भेरी अस्पतालमा उपचार भइरहेको छ । विद्युत् तार सर्ट भएर आगलागी भएको प्रहरीले जनाएको छ । नेपाली सेना, प्रहरी, दमकल र स्थानीयको सहयोगमा आगो निभाइएको छ । आगलागीबाट करिब ४२ लाख बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

काठमाडौं महानगरपालिका-२६ ठमेलस्थित काभ्रे रोसी गाउँपालिका-१ घर भएका ४५ वर्षीय सानु लामाको बुज डान्स बारमा विद्युत सर्ट भई आइतबार आगलागी हुँदा करिब १ करोड ६ लाख बराबरको धनमाल जलेर नष्ट भएको छ ।कैलाली, गौरीगंगा नगरपालिका-१ चौमालास्थित हिमाल मोबाइल ग्यालरीमा विद्युत सर्ट भई शनिबार आगलागी हुँदा किराना पसल २ वटा, मोबाइल पसल २ वटा, हार्डवेयर पसल १ वटा र होटल १ वटा गरी जम्मा ६ वटा पसलमा समेत आगलागी भई करिब १ करोड १३ लाख ५० हजार बराबरको धनमाल जलेर नष्ट भएको छ ।रौतहट, परोहा नगरपालिका-३ तेजापाकड बस्ने त्रिबेणी मणडलको गोठघरमा शनिबार आगलागी हुँदा करिब ४ लाख बराबरको धनमाल जलेर नष्ट भएको छ । सोलुखुम्बु, थुलुङ दुधकोशी गाउँपालिका-२ बाउण्डि बस्ने अनिता राईको रोनिस बहुउद्देश्य कृषि तथा पशुफर्ममा विद्युत सर्ट भई शनिबार आगलागी हुँदा करिब २५ लाख बराबरको धनमाल जलेर नष्ट भएको छ । प्रहरीले स्थानीय बासिन्दा र दमकलको सहयोगमा आगलागी नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

### लागुऔषधसहित पक्राउ

**बाँके (प्रस)–** बैजनाथ गाउँपालिका-४ बोडिङ बस्ती मध्यवर्ती सामुदायिक वनबाट अवैध लागुऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ करिब ३ सय २० मिलिग्रामसहित सोही गाउँपालिका-४ बस्ने १९ वर्षीय निम बहादुर बिकलाई शनिबार प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय कोहलपुरबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो ।

कञ्चनपुर, बेलौरी नगरपालिका-६ स्थित सडकबाट अवैध लागुऔषध खैरो हेरोईन जस्तो देखिने पदार्थ करिब ५४ ग्राम सहित बैतडी पाटन नगरपालिका-६ बस्ने २७ वर्षीय गजेन्द्र चन्द समेत ३ जनलाई शनिबार प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय बेलौरीबाट खटिएको प्रहरीले पचुईबाट बेलौरीतर्फ आउँदै गरेको सु.प.प्र.०१-००१ ज १२८२ नम्बरको जीपलाई जाँच गर्ने क्रममा उक्त पदार्थ फेला पारी जीप चालक चन्द र जीपमा सवार अन्य २ जनालाई पक्राउ गरेको हो ।

# रामलालले बनाए विद्युत्बाट चल्ने घन

■ पूर्ण विके



**तनहुँ–** तनहुँको आँबुखैरेनी गाउँपालिकामा आरन सञ्चालन गर्दै आएका ५१ वर्षीय रामलाल विश्वकर्माले फलामलाई मार हान्न विद्युत्बाट चल्ने स्वचालित घन बनाएका छन् । फलामको हतियार गाल्न विश्वकर्माले दुई वर्ष पहिले विद्युत्बाट चल्ने स्वचालित घन बनाएपछि उनको परिचय अहिले फेरिएको छ ।

फलामलाई आकार दिन घन हान्न बलियो मानिसको चाहिने भएकाले विकल्पका रूपमा स्वचालित घन बनाएको उनले बताए । 'फलाम गाल्न घन हान्नुपर्दा दुई जना चाहिने भयो' , आरानमा घरेलु औजार बनाउँदै गरेका रामलालले भने, 'दिन रात उपाय खोजें र यो मेसिन बनाएँ ।'

मेसिन बनाउन रामलालले मोटर, नट बोल्ट, चेन, पुल्ली, घिर्नी, फलामका पाता र काठको प्रयोग गरेका छन् । मेसिन बनाउन करिब ३० हजारका सामान खरिद गरेको उनले बताए । युट्युब हेरेर बनाएको सो मेसिन तेस्रो पटकको प्रयासमा सफल भएको उनले जानकारी दिए । फलामलाई पातलो बनाउन दुई वर्षदेखि विश्वकर्माले सो मेसिन नै प्रयोग गर्दै आएका छन् । करिब ५० हजार खर्च गर्नसके अझ राम्रो र कम आवाज आउने स्वचालित घन बनाउनसक्ने क्षमता आफूसँग भएको उनले बताए ।

कोइलामा तताएर रातो बनाइएको हतियारलाई पातलो र निश्चित आकार दिनुपर्दा विद्युत् अन गरी दुई वटा घनको बीचमा लैजानु पर्दछ । खुट्टाले थिचेपछि स्वचालित घनले दबाब दिन्छ र घनको चाललाई नियन्त्रण र बन्द पनि खुट्टाबाटै गर्न सकिन्छ ।

स्वचालित घन प्रयोग गर्दा महिनामा करिब एक हजार विद्युत् महशुल उठ्ने गरेको उनको भनाइ छ ।

चितवन पदमपुर घर भई हाल घुमाउनेघाट बस्दै आएका विश्वकर्माले आरन दर्ता गरेका छैनन् । आरान दर्ता गर्ने प्रक्रियाबारे आफूलाई केही थाहा नभएको उनले बताए । निर्वाहका लागि मात्र आफूले आरान सञ्चालन गरेको उनी बताउँछन् ।

करौती, हँसिया, बञ्चरो, खुर्पा र कोदालो बनाउने गर्दै आएका विश्वकर्माले घरायसी हतियार अरचापेको (धार लगाएको) ५० रूपैयाँदेखि दुई सय रूपैयाँसम्म लिने गर्छन् । नयाँ घरेलु हतियारको प्रकारअनुसार चार सय रूपैयाँदेखिमाथि पर्ने विश्वकर्माले बताए ।

आफूले घरेलु हतियारको अलावा ट्र्याक्टरको डिब्बालगायत लेथका कामसमेत गर्नसक्ने उनले जानकारी दिए । ठूलो ग्रिल कारखाना सञ्चालन गर्ने उद्देश्य भए पनि आर्थिक अभावमा त्यो पूरा गर्न नसकेको उनको भनाइ छ । 'ठूलो ग्रिल उद्योग सञ्चालन गर्न आर्थिक अवस्था कमजोर हुँदा सकिन ।' सामान्य लेखपढ गरेका विश्वकर्मा राज्यले केही सहयोग गरेमा आफूले व्यवसायलाई थप विस्तार गर्नसक्ने बताउँछन् । आरनको कमाइबाट घरको दैनिक जर्गो टार्दै आएका छन् ।

विश्वकर्माको क्षमता, खुबी र लगनशीलता देखेर आफूहरूले घुमाउने घाटमा आरान राख्न करिब एक आना जग्गा निःशुल्क प्रदान गरिएको छ । आफूहरूले हँसियादेखि कुटो कोदालोसम्म बनाउन र अरचाप्न परे विश्वकर्मालाई नै लगाउने गरेको घुमाउने घाटकी ५६ वर्षीया सन्सरी गुरुङले बताइन् । घुमाउने, साराङघाट, मास्दीघाटलगायतका छ/सात वटा गाउँका बासिन्दाले उनको आरनबाट सेवा लिँदै आएका छन् । *रासस*


**कुवेतमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : VILLA WASH STATION COMPANY FOR VEHICLES WASHING AND LUBRICANT.

पूर्व स्वीकृति मिति २०७८/१०/१४ पून : विज्ञापन स्वीकृति मिति २०७९/०७/१३ LT. No. 256924 चलानी नं. ६०१८५५२४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Wash Cleaner | 25 | 0 | 100 | ४२,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ कार्तिक २१ गते (7th Nov. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

NEPAL INTERNATIONAL OVERSEAS PVT. LTD.

Samakhusi Chowk-3, Jaldhara Marga, Kathmandu, Tel no. 015901301, 015906301
9843743860, 9841699092
Email : niopl2017@gmail.com,info@niopl.com,URL:www.nipl.com

Lic No. 632/063/64



**मलेशियामा रोजगार** AH HONG KOPITIAM, JOHOR

पुर्व स्विकृति मितिः 2079.07.08 चलानी नं. ६०१८९९९८ LT No. 274316

| सि. नं. | कामदारको पद | माग संख्या | मासिक तलब RM | मासिक तलब ने.रू | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Crew Restaurant | 10 | 1500 | 42098 | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ७००/- रोजगारदाताले | रोजगारदाता कम्पनीले | रु.१५०० रोजगारदाताले |

अन्तरवार्ताः २०७९ कार्तिक २० गते (6 November 2022) मेनपावर कार्यालयमा हुनेछ ।

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारीः १. आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरू साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौमा सम्पर्क गर्नुहोला । लागत खर्चः निःशुल्क

TALENT OVERSEAS SERVICE PVT. LTD.

Gaushala-9, Ktm., Lic. No. 704/064/065 Ph: 5915744

# प्रभाव दैनिक

सोमबार, १४ कात्तिक २०७९ (Monday, October 31, 2022)


रूपशाला

## अन्तिम संस्कारको छायांकन सकियो

निर्देशक प्रदीप शाहीको निर्देशन रहेको फिल्म 'अन्तिम संस्कार'को छायांकन पूरा भएको छ । शाही प्रोडक्सन नेपालको ब्यानरमा निर्माण भएको फिल्मको ६० प्रतिशत छायांकन मुस्ताङ्को जोमसोम, मार्फा, कागबेनी र मुक्तिनाथ क्षेत्रमा र बाँकी काठमाडौंमा गरिएको निर्माता विनोद सुवेदी खत्रीले बताए । झन्डै डेढ करोड लगानी रहेको फिल्ममा विजय लामा, दिया पुन, रेश्मा घिमिरे सहित विशाल पहाडी, कृष्णभक्त महर्जन, एवनराज उप्रेती, त्रिचु राई, श्याम राई, धर्मेन्द्र आचार्य, सुरज खालिङ राई, पासाङ टी शेर्पा, सन्तोष लामा, सरोज कुमाल, अनु मगर र दिग्गजलगायतको अभिनय छ ।





# महापुरुष लगातार 'हाउसफुल'

■ प्रभाव संवाददाता

**काठमाडौं–** दर्शकको सतप्रतिशत सकारात्मक प्रतिक्रिया पाएको 'महापुरुष' फिल्मले दुई दिनमा साढे दुई करोड ग्रस कलेक्शन गरेको छ । प्रदीप भट्टराइको निर्देशनमा तयार भएको फिल्मले तीन दिनको बिदाको भरपूर सदुपयोग गर्ने देखिएको छ । फिल्मले शुक्रबार र शनिबार बम्पर व्यापार गरेको छ । देशभरका मल्टिप्लेक्स हलमा दर्शकको उच्च अकुपेन्सी देखियो ।

यो फिल्मले दुई दिनमा साढे दुई करोडको ग्रस कलेक्सन गरेको निर्माण पक्षले जनाएको छ । फिल्मले शुक्रबार देशभर एक करोडको ग्रस कलेक्सन गरेको थियो । शनिबार फिल्मको व्यापार साढे एक करोड रहेको निर्माता रविन्द्रसिंह बानियाँले जानकारी दिए । दुई दिनमा साढे दुई करोड ग्रस कलेक्सन गरेको फिल्मले यो साता लगानी सुरक्षित गर्दै निर्मातालाई मुनाफाको बाटोमा डोर्‍याउने पक्का छ ।

आइतबार पनि सार्वजनिक बिदा परेको छ । छठ पर्वको अवसरमा सरकारले सार्वजनिक बिदा दिएको हो । आइतबारको बिहानी शो उच्च अकुपेन्सी रहेको र दिउँसोको शो हाउसफुल रहेको निर्देशक भट्टराईले जानकारी दिए । टिकट बिक्रीका आधारमा आइतबार 'महापुरुष' ले एक करोडभन्दा बढी ग्रस कलेक्सन गर्ने देखिएको छ । यदि त्यति व्यापार गरेमा फिल्मले तीन दिनमा साढे तीन करोड ग्रस कलेक्सन गर्ने देखिन्छ । यो नेपालमा भएको फिल्मको व्यापार मात्र हो । निर्माण पक्षले विदेशमा फिल्मको ग्रस कलेक्सन सार्वजनिक गरेको छैन ।

एकल बाबुको कथा, बुढ्यौली प्रेम तथा पारिवारिक घटनालाई फिल्ममा राम्रोसँग प्रस्तुत गरिएको छ । चलचित्रमा मदनकृष्ण श्रेष्ठ, हरिवंश आचार्य, गौरी मल्ल, राजाराम पौड्याल, अरुण क्षेत्री, अञ्जना बराइलीलगायतको मुख्य भूमिका रहेको छ ।

फिल्म हेर्न सम्पूर्ण परिवार नै आउने गरेको देखिएको छ । शनिबार भक्तपुरमा एउटै परिवारका २८ जना फिल्म हेर्न हल पुगेका थिए । जितले फिल्म हेरे सबैले सकारात्मक प्रतिक्रिया दिएका छन् ।

हास्यकलाकार मनोज गजुरेलले 'महापुरुष' राम्रो बनेको भन्दै निर्माण पक्षलाई बधाई दिएका छन् । फिल्म हेरुञ्जेल कथा आफ्नै जस्तो लागेको उनले उल्लेख गरेका छन् । 'आफ्ना सन्तानको सुखकालागि संघर्ष गर्ने 'महापुरुष' लाई हार्दिक बधाई । आफ्ना एकल बाबाको खुसीका लागि त्याग गर्ने महापुत्रहरूलाई बधाई । एकल बाबाका कथा, व्यथा, त्याग र योगदानलाई सुन्दर ढंगले पस्कने 'महापुरुष' टीमलाई बधाई । फिल्म हेरुन्जेल फिल्मको कथा बोलिरहेको थिएन, हाम्रै भोगाइ ब्यक्त भइरहेको थियो । मन र मस्तिष्कलाई एउटै डोरोमा बाँध्नु भएकोमा प्रदीपजीलाई बधाई । महजोडी, गौरी मल्ल लगायत नयाँ पुस्ताका सबै कलाकारलाई बधाई,' फिल्म हेरेपछि गजुरेलले फेसबुकमा लेखेका छन् ।

# ताराको सर्ट फिल्म 'धुकधुकी'

■ प्रभाव संवाददाता

**काठमाडौं–** गीतकार तारा अधिकारीको लेखन र निर्देशन गरेको सट फिल्म 'धुकधुकी' सार्वजनिक भएको छ । फिल्ममा वृद्ध अवस्थामा बाबुआमाले आफ्नो सन्तानको साथ खोज्दा पनि नपाएको कथा समेटिएको छ ।

रोगले ग्रस्त बाबुको परदेशिएको छोराको मुख हेर्ने अन्तिम चाहना, तिहारमा दाजुलाई टीका लगाउने बहिनीको चाहना, श्रीमानसँगै सुखदुःख साट्ने श्रीमतीको चाहना र घरका सबैजनाको सुःख हेर्ने आमाको चाहना पूरा नभएको दृश्य फिल्ममा छ ।

फिल्ममा सुवास गजुरेल, हिउँवाला गौतम, किशोर विश्वकर्मा, बसुकला मैनाली, अन्सुल डाँगी, अनुजा अधिकारी, युवराज घिमिरे र बालकलाकार रियांसी थापाको अभिनय छ । फिल्ममा बाबुराम निरौलाको सहायक निर्देशन, शिव ढकालको छायांकन, नहकुल खड्काको सम्पादन, र प्रदीप श्रेष्ठको पार्श्व संगीत छ ।



निर्देशक तारा अधिकारीको अफिसियल युट्युब च्यानल सुनौलो तारा मोसन पिक्चर्समा अपलोड गरिएको यो फिल्म चन्द्र विनायक फिल्मसमा पोस्ट प्रोडक्सन गरिएको हो ।

गीत लेखन हुँदै म्युजिक भिडियो निर्देशनमा हात हालेकी अधिकारीको निर्देशन रहेको यो पहिलो लघु फिल्म हो ।

# गुञ्जिँदै सुगम, मेलिना र सुनिल




**काठमाडौं (प्रस)–** अंग्रेजी नयाँ वर्षको अवसर पारेर जापानमा आयोजना हुन लागेको 'नयाँ वर्ष धमाका' मा गायकद्वय सुगम पोखरेल र सुनिल सिंह ठकुरी तथा गायिका मेलिना राई गुञ्जिने भएका छन् ।

कर्णालीमा निःशुल्क स्वास्थ्य शिविर गर्ने उद्देश्यले लाइफ फर फ्रेण्ड्स नामक संस्थाले आयोजना गर्न लागेको कार्यक्रमा जापानका विभिन्न ६ शहरमा हुनेछन् ।

कार्यक्रम डिसेम्बर २५ का दिन टोकियोको रोपंगी जेस नाइटमा हुनेछ । टोकियोपछि ओशाका, नागोया, फुकोउका, ओकिनवा, सिजोउका, सेन्दाई लगायतका सहरमा हुनेछन् ।

आयोजक खिम राज शाहका अनुसार कार्यक्रमबाट संकलित रकम कर्णालीका जनताको स्वास्थ्यमा खर्च गरिने छ । लामो समयदेखि जापान बस्दै आएका शाहको समूहले जापानमा थुप्रै कार्यक्रमको आयोजना गरी सकेको छ ।



पिएम कप एकदिवसीय पुरुष क्रिकेट

# एपीएफ र पुलिसको विजयी सुरुआत





■ प्रभाव संवाददाता

**काठमाडौं– प्रधानमन्त्री** (पिएम) कप एकदिवसीय पुरुष क्रिकेट प्रतियोगितामा सशस्त्र प्रहरी बलको एपीएफ क्लब र नेपाल प्रहरीको नेपाल पुलिस क्लबले विजयी सुरुआत गरेका छन् ।

त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा आइतबार अर्को विभागीय टोली त्रिभुवन आर्मी क्लबलाई ५६ रनले हराउँदै एपीएफले सुखद सुरुआत गरेको हो । त्यस्तै मुलपानी क्रिकेट मैदानमा आइतबार नै बागमती प्रदेशलाई १ सय ९२ रनले हराउँदै पुलिसले सुखद सुरुआत गरेको हो ।

एपीएफले दिएको २ सय २० रनको लक्ष्यसहित जवाफी ब्याटिङ गरेको आर्मीले ३२ ओभर १ बलमा अलआउट हुँदै १ सय ६३ रन मात्र बनाउन सक्यो । हरि चौहान र रोहित पौडेलको अर्धशतकीय इनीङ बाबजुत आर्मीले लक्ष्य पूरा गर्न सकेन ।

चौहानले ६५ रनको अर्धशतकीय इनीङ खेले । यस्तै पौडेलले ५१ रनको अर्धशतकीय इनीङ खेले । आर्मीका अन्य ब्याट्सम्यानले दोहोरो अंकको रन जोड्न सकेनन् । आर्मीलाई सस्तैमा समेट्न एपीएफका अमर रौटेलाले ४ विकेट लिए । कमल ऐरीले ३ तथा किशोर महतोले २ विकेट लिए । त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको एपीएफले ४७ ओभर ४ बलमा अलआउट हुँदै २ सय १९ रन बनाएको थियो ।

एपीएफका लागि प्रदिप ऐरी र सन्दीप जोराले अर्धशतकीय इनीङ खेले । प्रदिपले ८० बलमा ४ चौका र ६ छक्कासहित ७१ रन बनाए । सन्दीपले ६२ बलमा ६ चौकासहित ५० रन बनाए ।

यस्तै भुवन कार्कीले २६ रन जोड्दा कप्तान शरद भेषवाकरले १६ रन बनाए । अमर रौटेला १० रनमा अविजित रहे । आर्मीका बिक्रम सोबले ४ विकेट लिए ।

शाहब आलम र कुशल मल्लले २/२ विकेट लिए । जितसँगै एपीएफले पहिलो खेलमा २ अंक जोडेको छ ।

त्यस्तै नेपाल पुलिस क्लबले बागमती प्रदेशलाई १ सय ९२ रनले हराउँदै पुलिसले सुखद सुरुआत गरेको हो । पुलिसले दिएको २ सय ९० रनको लक्ष्यसहित जवाफी ब्याटिङ गरेको बागमतीले २८ ओभरमा अलआउट हुँदै ९७ रन मात्र बनाउन सक्यो । बागमतीका इशान पाण्डेले सर्वाधिक २४ रन बनाए । रामनरेश गिरीले अविजित २२ तथा प्रतिष जिसीले १४ रन बनाए । नन्दन यादव १० रनमा आउट हुँदा कप्तान ज्ञानेन्द्र मल्लले ४ रन बनाए ।

पुलिसका दीपेन्द्र सिंह ऐरीले ३ विकेट लिए । करण केसी, गुलसन झा र सागर ढकालले २/२ विकेट लिए । त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको पुलिसले ५० ओभरमा ५ विकेट गुमाएर २ सय ८९ रन बनाएको थियो ।

पुलिसका लागि दीपेन्द्र सिंह ऐरीले १ सय ८ रनको शतकीय इनीङ खेले । उनले ८२ बलमा ११ चौका र ४ छक्का प्रहार गरे । यस्तै कुशल भुर्तेल र सुनिल धमलाले समान ३७ रन जोड्दा आरिफ शेखले ३६ रन बनाए । योगेन्द्र सिंह कार्की १६ रनमा आउट भए । पवन सर्राफ १५ रनमा अविजित रहदा दिलीप नाथले अविजित १२ रन जोडे ।

बागमतीका नन्दन यादबले २ विकेट लिए । रामनरेश गिरी, सुर्य तामाङ र सोनु देबकोटाले १/१ विकेट लिए । पुलिसका दीपेन्द्र प्लेयर अफ द म्याच घोषित भए । जितसँगै समूह 'बी' मा रहेको पुलिसले पहिलो खेलमै २ अंक जोडेको छ । बागमतीले हारबाट प्रतियोगिताको सुरुआत गरेको छ ।

# एमसिसी वुमन्स विजयी

■ प्रभाव संवाददाता




**पोखरा–** नेपाल भ्रमणमा रहेको एमसिसी वुमन्सले टी–ट्वान्टीमा नेपालको मिक्स–११ महिला टोलीलाई हराएको छ । पोखरा किकेट रंगशालामा आइतबार भएको खेलमा एमसिसीले मिक्स–११ लाई १० विकेटले हराएको हो ।

मिक्स–११ ले दिएको ६७ रनको लक्ष्य एमसिसीले बिना विकेटको क्षतिमा पूरा गर्‍यो । एमसिसीका लागि ए व्ह्येब्रोले अविजित ३० रन जोडिन् । यस्तै आर पोटरले अविजित २९ रन बनाईन् ।

त्यसअघि पहिले ब्याटिङ गरेको मिक्स–११ ले अलआउट हुँदै ६६ रन जोडेको थियो । मिक्स–११ का लागि अन्जलीले २४ तथा सोनुले १५ रन जोडिन् । एमसिसीकी जो फोस्टरले ३ तथा एब्बी र साराले २/२ विकेट लिए ।

# पूर्वी नेपालको गौरव बन्दै बेलबारी गोल्डकप

**मोरङ (प्रस)–** फुटबल खेलप्रतिको उच्च आकर्षणकै कारण मोरङको बेलबारी–११ लक्ष्मीमार्ग स्थित कात्तिक १५ गतेदेखि बेलबारी गोल्डकपको पाँचौं संस्करण सुरु हुँदैछ । प्रथम पुरस्कार एक लाख एक हजारबाट सुरु भएको प्रतियोगिता पाँचौं संस्करणसम्म आइपुग्दा प्रथम पुरस्कार आठ लाख एक हजार भइसकेको छ ।

कात्तिक २३ गतेसम्म हुने उक्त प्रतियोगितामा गत वर्षको विजेता टिम सशस्त्र प्रहरी बलसहित रोलिङ एफ सी झापा, पेम्बा युथ क्लब विराटनगर, डाँगी हाट यूथ क्लब आयोजक, सहारा क्लब पोखरा, भारतको वेस्ट बङ्गाल आमुक्त परिवार, सिराहाको सहलेस युथ क्लब, एभिनियर फुटबल क्लब क्यामरुन, युनाइटेड ब्रदर्श कालिम्पोङ भारत र धनकुटाको राजारानी फुटबल क्लब गरी १० टिमको सहभागिता रहने आयोजक डाँगीहाट युथ क्लबले जनाएको छ ।

यस क्षेत्रको ब्राण्डको रूपमा स्थापित भइसकेको बेलबारी गोल्डकपको पाँचौं संस्करणसम्म आइपुग्दा पूर्वी नेपालको गौरव बेलबारी गोल्डकप बन्दै गएको फुटवल खेलाडी विक्रम लिम्बु बताउँछन् ।

गोल्डकप आयोजना हुँदा गोल्डकपको संस्करण मात्र थपिएको छैन । यस क्षेत्रको खेलकुदको विकास, नयाँ खेलाडीलाई अवसर, प्रोत्साहनलगायत यहि क्षेत्रमा लागेर पनि जीविकोपार्जन गर्न सकिन्छ । बलियो आधार निर्माण भएको मोरङ जिल्ला फुटबल सङ्घका अध्यक्ष सञ्जीव बुढाथोकी बताउँछन् ।

कोरोना माहामारीका कारण दुई वर्ष गोल्डकप आयोजना हुन सकेन अरु वर्ष नियमित गोल्डकप आयोजना हुँदै आएको छ । गोल्डकपलाई देश तथा विदेशमा रहनुभएका यस क्षेत्रका महानुभावहरूको अत्यन्तै ठूलो सहयोग रहेको क्लबका अध्यक्ष विक्रम राई बताए । मोरङबाट उत्पादन भएका फुटबल खेलाडी रजीन धिमाल, आशिष चौधरी र विकास खवास हाल राष्ट्रिय टोलीमा आबद्ध छन् ।



**जोखिमपूर्ण यात्रा** | इण्डोनेसियाको पश्चिम आचेको सिकुण्डो गाउँका विद्यार्थीहरू विद्यालय जाने बाटोमा तार पुल पार गर्दै । *तस्बिरः सिन्ह्वा*

# सियोल भागदौडमा १५० भन्दा बढीको मृत्यु

**सियोल–** दक्षिण कोरियाको राजधानी सियोलमा आयोजित एक धार्मिक उत्सवमा भागदौड मच्चिँदा १५० जनाभन्दा बढीको मृत्यु भएको अधिकारीहरूले आइतबार बताएका छन् । इसाई धर्मावलम्बीहरूले प्रत्येक वर्ष अक्टोबर ३१ मा मनाउने 'हेलोविन'मा सहभागी मानिसहरू राजधानीको प्रसिद्ध इटावोन जिल्लामा भागदौड हुँदा शनिबार साँझ उत्सवमा सहभागी एक लाखभन्दा बढी मानिस त्यस क्षेत्रका साँघुरा गल्ली र घुमाउरो सडकहरूमा थुनिएपछि उक्त अप्रिय घटना भएको प्रहरीले जनाएको छ । घटनाप्रति दुःख व्यक्ति गर्दै दक्षिण कोरियाली राष्ट्रपति युन सुक योलले आइतबार राष्ट्रिय शोकको घोषणा गर्दै टेलिभिजनमार्फत गरेको एक सम्बोधनमा भने, 'एउटा त्रासदी र विपत्ति आयो जुन हुनु हुँदैनथ्यो । सरकारले घटनाको विस्तृत अनुसन्धान



गर्नेछ र भविष्यमा फेरि यस्तै दुर्घटना नहोस् भनी आवश्यक सुधार गर्नेछ तथा सावधानी अपनाउनेछ ।'

दुर्घटनास्थलको भ्रमण गर्नुअघि र उद्धारकर्मीहरूसँग कुरा गर्नुअघि सञ्चारकर्मीसँग बोल्दै राष्ट्रपति योलले भने, 'घटनापछि मेरो हृदय भारी बनेको छ र पीडा नियन्त्रण गर्न गाह्रो भएको छ ।'

प्रत्यक्षदर्शीहरूले साँघुरो, ढलान भएको गल्लीमा फसेका मानिसहरू एकअर्कामाथि ढलेका र घुँडा टेकी उठ्ने र भीडबाट बाहिर निस्कन कोसिस प्रयास गर्दागर्दै भीडले कुल्चेर जीवन त्याग्न बाध्य भएका बताएका छन् । स्थानीय समयानुसार राति १०:०० बजे भएको भागदौडमा परी १९ विदेशीसहित १५३ जनाको मृत्यु भएको अग्नि नियन्त्रण विभागले जनाएको छ ।

मृत्यु हुनेमा अधिकांश २० वर्षभन्दा कम उमेरका युवती रहेको र ८९ जना घाइते भएको बताइएको छ । गृह मन्त्रालयले मृतकमध्ये अधिकांशको पहिचान भइसकेको जनाएको छ । 'हेलोवीन घटनाका क्रममा धेरैलाई कुल्चिएका कारण हताहत हुनेको संख्या धेरै हुन गएको छ,' अग्नि नियन्त्रक चोइ सियोङ-बिओमले घटनास्थलमा रहेका पत्रकारहरूलाई बताए । घटनामा कैयौं व्यक्ति सख्त घाइते भएकोले मृतकको संख्या बढ्नसक्ने उनले बताए ।

**मृत्यु हुनेमध्ये ५० जनालाई हृदयघात भएको आशंका**

सियोलमा भएको भागदौडमा मृत्यु भएका १५० मध्ये करिब ५० जनाको हृदयघात भएको आशंका गरिएको स्थानीय सञ्चारमाध्यमले जनाएका छन् । स्थानीय प्रसारक वाइटिएनका अनुसार सियोलको रात्रिकालिन पर्यटकीय गन्तव्य इटेवोनमा रहेको एक बारमा एक सेलेब्रिटीको कार्यक्रम हेर्न ठूलो संख्यामा भीड जम्मा भएको समय भागदौड मच्चिएको थियो ।

योनहाप समाचार संस्थाका अनुसार स्थानीय समयअनुसार राति ११:३० बजे हेलोवीन उत्सवको क्रममा भागदौड मच्चिएपछि करिब ५० जनाको हृदयाघात भएको थियो । श्वास प्रश्वासमा समस्या भएका ८१ जनालाई उद्धार गरिएको अग्निनियन्त्रक अधिकारीले सरकारलाई दिएको एक रिपोर्टमा उल्लेख गरिएको छ । उद्धारकर्मीलाई 'कार्डियोपल्मोनरी' उपचारका लागि तत्काल घटनास्थलमा पठाइएको सञ्चारमाध्यमले बताएका छन् । *रासस/एएफपी*

# दिल्लीमा बिहानी समयमा वायुको गुणस्तर 'अति खराब'



**नयाँ दिल्ली–** भारतको राजधानी नयाँ दिल्लीको वायु गुणस्तर सूचकांक (एक्युआई) ३५० पुगेको छ । वायुको गुणस्तर मापन तथा मौसम पूर्वानुमान र अनुसन्धान प्रणालीसम्बन्धी काम गर्ने संस्था 'सफर' ले आइतबार बिहान रेकर्ड गरिएको दिल्लीको वायु गुणस्तर 'अति खराब' श्रेणीमा रहेको जनाएको छ ।

संस्थाका अनुसार समग्र दिल्ली क्षेत्रको एक्युआई ३५० अर्थात् 'अति खराब' श्रेणीमा रहेको छ । दिल्ली विश्वविद्यालय क्षेत्र र पुसामा एक्युआई क्रमशः ३७२ र ३४३ रहेको छ । नयाँ दिल्लीको वायुको गुणस्तरमा आएको गिरावटका कारण खासगरी इन्डिया गेट नजिकै काम गर्ने, साइकल यात्री र शारीरिक व्यायामका लागि बिहानमा पैदल यात्रा गर्ने व्यक्तिहरू प्रभावित भएका छन् ।

शनिबार साँझ राष्ट्रिय राजधानीको कतिपय क्षेत्रको एक्युआई सूचकांक 'गम्भीर' श्रेणीमा झरेको छ । जाडोयाममा पञ्जाव, उत्तर प्रदेश, हरियाणा र राजस्थानमा न्यानोका लागि पराल जलाउँदा राष्ट्रिय राजधानीको वायुको गुणस्तर पनि प्रभावित हुने गरेको छ ।

यसैबीच, एनसिआर र आसपासका क्षेत्रहरूमा वायु गुणस्तर व्यवस्थापनका लागि आयोगले दिल्लीमा खराब वायु गुणस्तरलाई ध्यानमा राख्दै यसको निर्देशनहरूको कार्यान्वयन र अनुपालन सुनिश्चित गर्न आफ्नो प्रयासहरू तीव्र पारेको छ । आयोगले राजस्थानमा कोइलामा आधारित ४५ वटा औद्योगिक एकाइलाई बन्द गर्न निर्देशन दिएको छ । यसबाहेक, हरियाणामा नौ र युपीमा २३ गरी ३२ कोइलामा आधारित एकाइहरू स्थायीरूपमा बन्द गरिएको छ । हरियाणामा आठ र उत्तर प्रदेशमा ४० वटा गरी ४८ वटा एकाइले अस्थायीरूपमा आफ्नो सञ्चालन स्थगन गरेका छन् ।

वर्गीकृत प्रतिक्रिया कार्ययोजना (जिआरएपी) उपसमितिले वायुको गुणस्तरमा थप गिरावट रोक्नका लागि सम्पूर्ण उपायलाई अवलम्बन गर्ने बताएको छ । 'यस अन्तर्गत, सेन्ट्रल भिस्टाजस्ता विशेष परियोजनाहरू र राष्ट्रिय आवश्यकताका अन्य परियोजनाबाहेक सबै निर्माण कार्यहरू प्रतिबन्धित गरिनेछ,' एनसिआर र आसपासका क्षेत्रहरूमा वायु गुणस्तर व्यवस्थापन आयोगको प्रेस विज्ञप्तिमा भनिएको छ ।

बैठकको समयमा समग्र वायु गुणस्तर मापदण्डहरूको व्यापक समीक्षा गर्दा, आयोगले प्रतिकूल मौसमी अवस्थाका कारण ढिलो हावाको गति र खेतमा छापो लगाउने घटनाहरूमा अचानक वृद्धिको कारण वायुको गुणस्तरमा वृद्धि भएको हो । *रासस/एएनआई*

## जिहादी समूहको आक्रमणमा १३ सैनिकको मृत्यु

**बुर्किना फासो–** बुर्किना फासोको पूर्वी प्रान्तमा संदिग्ध जिहादी समूहले आक्रमण गरी १३ सैनिकको हत्या गरेको सुरक्षा स्रोतले आइतबार एएफपीलाई जानकारी दिएको छ । आक्रमणमा सेनाका चार सदस्य घाइते भएको सैनिक स्रोतले जनाएको छ ।

सेनाका अनुसार आक्रमणपछि सेनाले गरेको जवाफी कारबाहीका क्रममा कैयौं विद्रोही हताहत भएको बताइएको छ । बुर्किना फासोमा सात वर्षदेखि जारी विद्रोहका क्रममा हजारौंको ज्यान गएको छ भने करिब २० लाख मानिस घरबाट विस्थापित बनेका छन् ।

पश्चिम अफ्रिकामा अवस्थित यो मुलुकमा जिहादी समूहले थालेको आक्रमणपछि प्रायः ग्रामीण इलाकामा सरकारी सुरक्षाकर्मीको न्यून उपस्थिति रहने गरेको छ । सन् १९६० मा फ्रान्सबाट स्वतन्त्र भएको भूपरिवेष्ठित यस अफ्रिकी मुलुक जिहादी समूह र सेनाबीचको द्वन्द्वका कारण अशान्त रहने गरेको छ । *रासस/सिन्ह्वा*


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAI AUTO GARAGE FOR CARS

पूर्व स्वीकृति मिति : २०७८/०६/१२ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०७/१३ LT. No. 272695 चलानी नं. ६०१८८४७२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mechanic | 1 | 0 | 1400 | ५०,९६५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Painter | 2 | 0 | 1400 | ५०,९६५ | | | | | | | |
| 3 | Technician | 1 | 0 | 1400 | ५०,९६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ कार्तिक २० गते (6th Nov. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११७७/०७३/०७४

**Pari Overseas Pvt. Ltd.**

Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448

Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : CRYSTAL PROTECTION SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०६/१२ पुन विज्ञापन स्वीकृति मिति २०७९/०७/१३ LT. No. 272486 चलानी नं. ६०१९००३७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 32 | 0 | 1500 | ४३,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : FAMOUS GOLDEN RESTAURANT

पूर्व स्वीकृति मिति २०७९/०७/०८ LT. No. 274292 चलानी नं. ६०१९००२८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chef | 5 | 0 | 1500 | ४३,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ कार्तिक २१ गते (7th Nov. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**DOTI OVERSEAS PVT. LTD.** Govt. License 1294/074/075

Airport Tilganga -09, Shambhumarga, Kathmandu Tel :9851062705

E-mail : sec.dotioverseas@gmail.com, website:www.dotioverseas.com.np



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : KEJURUTERAAN GO-TECHNOLOGY SB

पूर्व स्वीकृति मिति २०७९/०७/०८ LT. No. 274331 चलानी नं. ६०१९००२७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 30 | 0 | 1500 | ४३,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ कार्तिक २१ गते (7th Nov. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**ISHAN INTERNATIONAL OVERSEAS PVT. LTD. .** श्रम ईजाजत नं. ११९५/०७३/७४

Kathmandu N.P.-34,New Baneshwor, Kathmandu,BAGMATI

Tel: +01-4796201



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : DEFINE SOLUTIONS SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०७/०८ LT. No.274329 चलानी नं. ६०१९००२३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 10 | 0 | 1500 | ४३,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ कार्तिक २१ गते (7th Nov. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Humour Overseas Pvt. Ltd.** श्रम ईजाजत नं. ७७७/०६५/०६६

Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424

Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी :MODERN TASAMI GENERAL CONTRACTING COMPANY

पूर्व स्वीकृति मितिः २०७८/०५/२४ पुन विज्ञापन स्वीकृति मितिः२०७९/०७/१३ LT. No. 244574 चलानी नं.: ६०१८६५९८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 1 | 0 | 1800 | ६३,४७५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Document Controller | 1 | 0 | 2000 | ७०,५३० | | | | | | | |

कम्पनी :SENDAN INTERNATIONAL CO. LTD.

पूर्व स्वीकृति मितिः २०७८/०६/१० पुन विज्ञापन स्वीकृति मितिः२०७९/०७/१३ LT. No. 246800 चलानी नं.: ६०१८७१३४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 35 | 0 | 1000 | ३५,२६५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Road Vehicle Driver | 1 | 0 | 2500 | ८८,१६० | | | | | | | |
| 3 | Small Car Driver | 2 | 0 | 1400 | ४९,३७० | | | | | | | |
| 4 | Truck Driver | 2 | 0 | 1800 | ६३,४७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः Job Orientation, Samakhushi मा मितिः २०७९ कार्तिक २१ गते (7th Nov. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 226/058/059

**Felicity International Employment Agency Pvt.Ltd.**

P.O.Box: 11603, Samakhushi -26, Town Planning, Kathmandu, Nepal.

Tel: + 977-1-4950794 Fax : +977-1-4956420, Email: felicity@infoclub.com.np



**श्री सुन्दर सामुदायिक वन उपभोक्ता समूह कटारी ९ उदयपुरको समूह बाहिर काठ बिक्री सम्बन्धी सूचना**

यस सामुदायिक वनबाट आर्थिक बर्ष २०७८/०७९ को विधिवत रूपमा कटान मुछान संकलन भइ घाट गद्दिमा रहेको लट नम्बर साल गोलिया थान ६५ को ७०६.२४ क्युफिट लट नम्बर २ को साल चिरान थान ३५७ को ४१२.४३ क्युफिट काठ बाहिर जे जो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री समूह बाहिर गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । पूर्ण व्यहोराको सूचना समूहको सूचनापाटीमा टांस गरिएको छ ।



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१ । **Reachmond Books Shop** (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217** । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं.**9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी– विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – ९३,००० | प्रति तोला – ९२,५०० | प्रति तोला – १२०० |



**ग्राहकको प्रतीक्षा** | सप्तरीको राजविराज हटियामा बिक्री गर्न राखिएको बाँसबाट निर्मित ढकिया, कोनियालगायत सामग्री ।

*तस्बिर: अरूणकुमार यादव/रासस*

## व्यापार घाटा तीन खर्ब ५९ अर्ब

■ प्रभाव संवाददाता

**काठमाडौं–** चालु आर्थिक वर्षको तीन महिनामा मुलुकको कूल व्यापार घाटा साढे तीन खर्बमाथि पुगेको छ । भन्सार विभागले आइतबार सार्वजनिक गरेको गत असोज मसान्तसम्मको विवरणअनुसार व्यापार घाटा रु तीन खर्ब ५९ अर्ब १७ करोड ८१ लाख बराबर छ ।

उक्त अवधिमा देशको कूल व्यापार रु चार खर्ब ४२ अर्ब ८१ करोड ८४ लाख बराबर भएको विभागले जनाएको छ । यस्तै, सो अवधिमा कूल निर्यात रु ४१ अर्ब ८२ करोड बराबरको भएको छ ।

आर्थिक वर्ष २०७८/७८ को तुलनामा चालु आवको तीन महिनामा कूल व्यापार १८ दशमलव ५४ प्रतिशतले घटेको छ । गत आवमा कूल रु पाँच खर्ब ४३ अर्ब ५७ करोड बराबरको व्यापार भएकामा यस आवको तीन महिनामा मात्रै रु चार खर्ब ४२ अर्ब ८१ करोड बराबरको मात्रै व्यापार भएको छ । यस आधारमा गत आवको तीन महिनाको तुलनामा चालु आवको तीन महिनामा १८ दशमलव ५४ प्रतिशतले ओरालो लागेको हो ।

गत आवमा रु चार खर्ब ७८ अर्ब ५२ करोड बराबरको माल वस्तु आयात भएकामा चालु आवको तीन महिनामा १६ दशमलव २० प्रतिशतले कमी आई रु चार खर्ब ९९ करोड बराबरको माल सामान आयात भएको हो ।

यस्तै, गत आवको तीन महिनामा रु ६५ अर्ब पाँच करोड बराबरको माल वस्तु निर्यात भएकामा चालु आवको तीन महिनामा ३५ दशमलव ७१ ले ओरालो लागेर रु ४१ अर्ब ८२ करोड बराबरको वस्तु निर्यात भएको हो ।

## भैरहवा उडान नगर्नेविरुद्ध ‘एक्सन’मा प्राधिकरण

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) लगायत अन्य केही एयरलाइन्सविरुद्ध नेपाल नागरिक उड्ययन प्राधिकरण (क्यान)ले एक्सन लिएको छ । क्यानले राष्ट्रिय ध्वजाबहाक नेपाल एयरलाइन्सको आइतबार विहान तय भएको दिल्ली उडान कटौती गर्दै कारबाही गरेको हो ।

भारतका तीन गन्तव्यमा उडान गरिरहेको नेपाल एयरलाइन्सलाई कारबाही स्वरूप नयाँ दिल्ली गन्तव्यको उडान संख्यामा केही कटौती भएको निगमको वाणिज्य विभागले जनाएको छ ।

नियामक नेपाल नागरिक उड्डयन प्राधिकरणले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा तीनभन्दा बढी उडान गरिरहेका एयरलाइन्सलाई भैरहवाबाट कम्तीमा पनि एक उडान गर्नुपर्ने व्यवस्थासहित लिखित निर्देशन दिएको थियो । काठमाडौं विमानस्थलको विद्यमान हवाई उडान चाप व्यवस्थापन गर्न तथा गौतमबुद्ध विमानस्थलको प्रभावकारी प्रयोजनका निम्ति प्राधिकरणले दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलमा अनिवार्य उडान गर्न निर्देशन दिएको हो । प्राधिकरणको यो निर्णयले काठमाडौं उडान भर्ने राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम (नोपाल एयरलाइन्स) र निजी क्षेत्रको हिमाल एयरलाइन्ससहित पाँच विमान कम्पनीले भैरहवामा अनिवार्य उडान गर्नुपर्नेछ ।




प्राधिकरणले निर्देशन दिएबमोजिम नेपाल एयरलाइन्स तत्कालै भैरहवामा उडान गर्न असमर्थ भएपछि निगमको उडान कटौती भएको सम्बन्धित अधिकारीले बताएका छन् । प्राधिकरणको निर्देशनबमोजिम भैरहवा उडान भर्न निगम तयार रहे पनि प्राविधिक व्यवस्थापनसहित तयारी गर्न करिब दुई महिना लाग्ने भएकाले तत्कालै उडान गर्न नसकिने निगमले उल्लेख गरेको छ ।

‘जहाजको इञ्जिनियरिङ, टेक्निकल कर्मचारी व्यवस्थापन गर्न कम्तीमा डेढ महिना लाग्छ, हामीले तयारीका लागि समय पुगेन विचार गरिदिनुस् भनेका छौं’, निगमका एक उच्च अधिकारीले भने ।

निगमले नयाँ दिल्ली गन्तव्यमा दैनिक दुई उडान गर्दै आएको थियो । सातामा १४ उडान हुँदै आएकामा आइतबारदेखि चार उडान कटौती भएको निगमले जनाएको छ । चार उडान कटौती हुँदा अब निगमले दैनिक १० उडान मात्रै गर्नेछ । निगमको दिल्ली गन्तव्य व्यावसायिक हिसाबले राम्रो मानिन्छ । निगमले भारतको बैङ्लोर र मुम्बईमा पनि नियमित उडान गरिरहेको छ ।

दुई स्वदेशी एयरलाइन्स वायुसेवा निगम र हिमालय एयरलाइन्सलाई ‘विन्टर सेड्युल’मा उडान गर्न प्राधिकरणले पत्राचार गरेको छ । अक्टोबर ३० देखि आगामी सन् २०२३ मार्चसम्मको उडान तालिका अनुसार गौतमबुद्ध विमानस्थलमा समेत दुवै एयरलाइन्सले उडान सञ्चालन गर्नुपर्नेछ ।

प्राधिकरणका अनुसार अन्तर्राष्ट्रिय विमान कम्पनीलाई आगामी पुस १ गतेदेखि भैरहवामा अनिवार्य उडान तयारी गर्न सूचित गरिसकेको छ । प्राधिकरणका प्रवक्ता जगन्नाथ निरौलाले काठमाडौं विमानस्थलमा तीनभन्दा बढी उडान गर्ने एयरलाइन्सलाई गौतमबुद्ध विमानस्थलमा उडान गर्नुपर्ने निर्देशनसहित पत्राचार गरिएको बताए ।

उनले भने, ‘हाम्रो आन्तरिक वायुसेवाले भैहरवाबाट उडान नगर्दा विदेशी एयरलाइन्सलाई दबाब दिन गाह्रो हुने भयो त्यसैले नेपाल वायुसेवा निगम र हिमालय एयरलाइन्सलाई भैरहवाबाट पनि उडान गर्नुपर्छ भनेर निर्देशन दिइएको हो ।’ काठमाडौं विमानस्थलमा हाल तीन नेपालीसहित २६ अन्तर्राष्ट्रिय एयरलाइन्सले उडान भर्दै आएका छन् ।

## बन्द हुने अवस्थामा कंक्रिट मिक्सर उद्योग

■ प्रभाव संवाददाता

**चितवन–** चितवनको भरतपुर महानगरपालिका-१६ मा स्थित गौरव नेपाल इञ्जीनियरिङ प्रालि बन्द हुने अवस्थामा पुगेको छ । वि सं २०५४ देखि सो उद्योगले कंक्रिट मिक्सर मेसिन उत्पादन गर्दै आइरहेको छ । घर ढलानदेखि पुल, ढललगायत विकास निर्माणका लागि चाहिने कंक्रिट मिक्सर मेसिन यही उद्योगले व्यावसायिक उत्पादन गर्छ । एक समय वार्षिक एक हजार हाराहारीमा उक्त मेसिन उत्पादन गर्दै आइरहेको कम्पनीले गत वर्ष मुस्किलले एक सयवटा मेसिन निर्माण गरेर बिक्री गरेको थियो । यस वर्षदेखि भने उद्योग चल्ने अवस्थामा नरहेको कम्पनीका सञ्चालक ताराप्रसाद पौडेलले जानकारी दिए ।

गुणस्तरीय मेसिन उत्पादन गरे पनि विदेशबाट आयात हुने सस्तो मेसिन र सरकारले तयारी सामानभन्दा कच्चा पदार्थमै बढी भन्सार दर लगाएपछि त्यसको मारमा परेर उद्योग बन्द गर्नुपरेको उनले बताए । ‘सरकारले हामीलाई सहज वातावरण बनाइदिए यस्ता उद्योग अझै खुल्थे, अब त हामी नै बन्द गर्नुपर्ने अवस्थामा आइपुगेका छौं’, उनले भने । उनको उद्योगले नयाँ मेसिनका लागि चाहिने पार्टस् उत्पादन बन्द गरिसकेको छ । बनेर बसेको १५-२० वटा मेसिन बिक्री भएपछि नयाँ उत्पादन नगर्ने निर्णयमा पुगेको सञ्चालक पौडेलले बताए ।



चितवन, रूपन्देहीलगायतका जिल्लामा १५ वटा यस्ता उद्योग सञ्चालनमा थिए । अहिले घटेर दुईवटा उद्योगमा खुम्चिएको छ । चितवन र रूपन्देहीमा एक-एक उद्योग सञ्चालनमा छन् । रूपन्देहीमा रहेको नेशनल इञ्जीनियरिङ मेटल प्रालि एक समय सर्वाधिक वार्षिक एक हजार पाँच सयसम्म मेसिन उत्पादन गर्दथ्यो । अहिले घटेर एक सय मात्रै मेसिन उत्पादन गर्ने गरेको छ ।

सरकारले यस उद्योग सञ्चालनका लागि चाहिने कच्चा पदार्थ आयातमा १० देखि १५ प्रतिशतसम्म भन्सार दर कायम गरेको छ भने १३ प्रतिशत भ्याट र प्रतिकेजी रु पाँचका दरले अन्तःशुल्कसमेत थप गरेको छ । तर यही सिङ्गो तयारी मेसिन आयात गर्दा भन्सार महसुल मात्र चार प्रतिशत र भ्याट नलाग्ने व्यस्था छ । यस नीतिलाई सच्याउन उद्योगीले सरकारसँग पटक-पटक माग गरिरहेका छन् । तर माग सुनुवाइ नहुँदा छिट्टै उद्योग बन्द हुने अवस्थामा पुगेको उद्योगीको भनाइ छ ।

नेशनल इञ्जीनियरिङ मेटलका सञ्चालक रामप्रसाद खनालले सरकारले उद्योगीको संरक्षण गर्नुको साटो विस्थापित गर्ने अभियानमा लागेको बताए । ‘हामीले अहिले मात्र होइन, पटक-पटक कच्चा पदार्थको भन्सार दरबारे माग राखेका थियौं, तर अहिलेसम्म सम्बोधन नहुँदा हामी पलायन हुने अवस्थामा पुगेका छौं’, उनले भने ।

उद्योगीका साझा संस्था नेपाल उद्योग परिसङ्घलगायतका सङ्घसंस्थाले कच्चा पदार्थ आयातको भन्सार दर घटाउन माग गर्दै आइरहेका छन् । तर ती कुराको सुनुवाइ नहुँदा झन् समस्या बल्झिन थालेको चितवन उद्योग सङ्घका अध्यक्ष त्रिलोचन कँडेलले बताए । ‘सरकार उद्योग व्यवसाय फस्टाउनमा जोड दिनुपर्ने हो तर विडम्बना उल्टै उद्योगधन्दा मास्ने खालका नीति निर्माण गर्दा समस्या देखिन थालेका छन्’, उनले भने ।

पछिल्लो समय अन्य उद्योगधन्दा पनि खुल्ने क्रम जारी छ । तर सबैको डर कतै पछि बन्द गर्नुपर्ने अवस्था त आउने होइन भन्नेमा देखिन्छ । चितवन उद्योग सङ्घका उपाध्यक्ष युगराज वस्तीले युवा उद्यमी व्यवसायीलाई सरकारले प्रवर्द्धन गर्नुको साटो उल्टै पलायन हुने बाटो देखाउन थालेको आरोप बताए । उनले कंक्रिट मिक्सर मेसिन निर्माण गर्ने उद्योग बन्द हुँदै गर्दा युवा रोजगारीको खोजीमा विदेश पलायन हुने अवस्था सिर्जना हुने बताए । उनले यसतर्फ सरकारको ध्यान केन्द्रित हुनुपर्नेमा जोड दिए ।

नेपालका कंक्रिट मिक्सर मेसिन उद्योगमा सुरुआती समयमा चार सय ५० भन्दा बढीले रोजगारी पाएका थिए । उद्योग बन्द हुँदै जाँदा अहिले घटेर एक सयमा झरेको छ । नेपालमा उद्योग बन्द हुँदै जाँदा बर्सेनि ११ हजार बढी कंक्रिट मिक्सर मेसिन विदेशबाट आयात हुँदै आइरहेको छ । यसबाट रु ७६ करोडभन्दा बढी रकम विदेशिने गरेको छ ।

**विज्ञापन व्यवसायलाई पारदर्शी बनाऔं**

- विज्ञापनको रकम भुक्तानी गर्दा तोकिएको स्थान, समय र अवधिमा प्रकाशन वा प्रसारण गरेको यकिन गरेरमात्र भुक्तानी गर्ने गरौं ।
- सञ्चारमाध्यमले जारी गरेको विजक र एजेन्सी कमिसन खुल्ने विजकको आधारमा मात्र विज्ञापन प्रकाशन तथा प्रसारणको भुक्तानी गरौं ।
- सम्झौताको आधारमा कारोबार भएको भए सम्झौतामा तोकिएको अवधिमा र कार्यादेशको आधारमा कारोबार भएको भए विज्ञापनदाताले विज्ञापन एजेन्सीलाई एक महिनाभित्र र विज्ञापन एजेन्सीले सञ्चारमाध्यमलाई दुई महिनाभित्र भुक्तानी गरौं ।
- समयमा भुक्तानी प्राप्त नभए विज्ञापन बोर्डमा उजुरी गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक National Daily

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्सप्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ